# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७७ | काठमाडौं | आइतबार, २४ असार २०८० | Prabhab National Daily | Sunday, July 09, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


समाचार टिप्पणी

## 'स्टन्ट'मा रम्दै पर्यटनमन्त्री किराती





■ जेबी योञ्जन

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको हातमा शनिबार बिहानै कुटो देखियो । त्यही कुटोले खनेर ललितपुरको हात्तीवनमा उनले बिरुवा रोपे ।

उनका साथमा अभिनेता आर्यन सिग्देलदेखि चर्चित गायक राजेशपायल राईलगायत देखिए । बिरुवा रोप्ने कार्यक्रम मन्त्री किरातीले राखेका हुन् । हर्क साम्पाङको शैलीमा शुक्रबार नै उनले फेसबुकमा लेखेका थिए, 'बिरुवा रोप्न हात्तीवन जाऔं ।'

बुधबार उनले गृहजिल्ला भोजपुरमा एक जना वृद्धालाई समात्दै हिँडाएको तस्बिर सार्वजनिक गरे । उक्त तस्बिरमा पनि लेखे, 'भ्रम छर्ने, घेरा हाल्ने र सखाप पार्ने दुस्मनको रणनीतिबाट कोही भ्रममा नपर्न अनुरोध गर्दछु ।'

एकातिर प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणबारे चर्को टिप्पणी गरेर पार्टीभित्र आलोचित छन् । यस्तो अवस्थाबीच उनले एक जना वृद्धालाई समातेर डोऱ्याएको एउटा तस्बिर राखेर आफूविरुद्ध घेराबन्दी भएको गुनासो पोखेका हुन् ।

गत साताको शुक्रबार पनि किरातीले भोजपुरकै डाँडागाउँ क्षेत्रमा बाटो किनारको फोहोर टिपे । कहिले उनी कुचो, कोदालो त कहिले साबेल बोकेर हिँडेको देखिन्छन् ।

उनलाई खासमा ऐन कानुन बनाउन भोजपुरवासीले विधायकको रूपमा तेस्रोपटक संसद्मा पठाएका हुन् । उनी हाल मन्त्री छन् । संस्कृति, पर्यटन र नागरिक उड्डयनको क्षेत्रमा देखिएका तमाम् नीतिगतदेखि व्यावहारिक समस्याहरू समाधान गर्ने (बाँकी पृष्ठ ३ मा)

## 'स्टन्ट'मै व्यस्त रवि



गत ४ मंसिरमा भएको चुनावमा सर्वाधिक मतदाताले रुचाएका नेता हुन्- रवि लामिछाने । उनी एक महिना उपप्रधान तथा गृहमन्त्रीसमेत भए । जनताको अपार अभिमत प्राप्त रवि उनकै शब्दमा 'बिग्रिएको देशलाई बनाउन' राजनीतिमा आएका हुन् । यतिबेला भने विभिन्न 'स्टन्ट'मा रमाइरहेका छन् ।

शुक्रबार मात्रै उनी बाजुरामा एउटा कार्यक्रममा पुगेका थिए । पानी पर्न थालेपछि कार्यक्रममा आएकाहरू प्रांगणमै (बाँकी पृष्ठ २ मा)

# राजनीतिक गतिविधिमा देखिनै छाडे देउवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्ला राजनीतिक गतिविधिमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा देखिन छाडेका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले प्रधानमन्त्रीबाट पुष्पकमल दाहालको राजीनामा माग्दै गर्दा राजनीतिक सरगर्मी बढेको छ । सदन अवरुद्ध छ भने कोशीको सरकार निर्माण प्रक्रिया पनि उस्तै पेचिलो बनेको छ ।

तर, यस्तो बेला संसद्मा देउवाको उपस्थिति देखिन्न । देउवाको साटो कांग्रेसमा दुई महामन्त्रीले पार्टीको भनाइ राख्न थालेका छन् । पछिल्लोपटक प्रधानमन्त्री दाहालले राखेको प्रितम सिंहबारेको भनाइप्रति महामन्त्री शर्माले आपत्ति जनाइसकेका छन् । यद्यपि, देउवाको भनाइ सार्वजनिक भएको छैन ।

यतिमात्रै होइन, कांग्रेसको महत्त्वपूर्ण मानिएको जिल्ला सभापतिहरूको बैठकमा पनि देउवा देखिएनन् । बिहीबार जिल्ला सभापतिहरूको बैठकमा पार्टी कार्यालय सानेपामा सभापतिको कुर्सी खाली थियो । बिहीबार र शुक्रबार दुई दिन चलेको बैठकमा देउवा नदेखिएपछि सभापतिहरूले देउवाको खोजी गरेका थिए ।



सानेपास्थित कांग्रेस केन्द्रीय कार्यालयमा भएको जिल्ला सभापतिहरूको भेलामा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा ।



- बिहीबार जिल्ला सभापतिहरूको बैठकमा पार्टी कार्यालय सानेपामा सभापतिको कुर्सी खाली
- जिल्ला सभापतिहरूको बैठकमा देउवा नगएकोमा डा. शेखर कोइरालालेसमेत उठाए प्रश्न
- जिल्ला सभापतिहरूको बैठकमा संस्थापन पक्षबाट सहमहामन्त्री भीष्मराज आङ्देम्बे देउवाका दूतका रूपमा उपस्थित

### देउवा नहुँदा छाएन रौनकता

पार्टी महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले डाकेको बैठकको खासै आकर्षण नभएको एक जिल्ला सभापतिले दाबी गरे ।

'एजेण्डा पनि खासै केही थिएनन्, म पहिलो दिन ढिला पुगे, दोस्रो दिन गइनँ,' ती सभापतिले भने । एजेण्डा नभएर होला, ७७ मध्ये आधा जिल्लाका सभापतिहरू पनि सानेपामा भेला भएनन् । सभापतिहरूको संख्या न्युन देखिएपछि महामन्त्री थापा निराश मुद्रामा देखिएका थिए ।

पहिलो दिन ३० जिल्लाका सभापति पनि भेला नभएपछि सुरुमै महामन्त्री शर्माले उपस्थित नभएकाहरू जुममार्फत 'भर्चुअल' रूपमा जोडिने बताए । बैठकमा अधिकांश जिल्ला प्रतिनिधिहरू सहभागी भएका थिए । यद्यपि, बैठक सुरु भएको दुई घण्टापछि 'ब्रिफिङ' गर्दै प्रचार विभागका प्रमुख मीन विश्वकर्माले ६५ जना सभापति भेला भएका दाबी गरे । यद्यपि, शुक्रबार फाइनल ऱ्यापोर्टमा भने कांग्रेसले देशभरका ४२ जिल्ला सभापतिहरूमात्र बैठकमा उपस्थित भएको जनायो ।

### के थियो मुद्दा ?

महामन्त्रीद्वयले सञ्चालन गरेको जिल्ला सभापतिहरूको भेलाको मूल मुद्दा थियो, क्रियाशील सदस्यताको डिजिटल अपडेटबारे । अनलाइनबाट कसरी सदस्यता लिने र नवीकरण कसरी गर्ने भन्ने विषयमा डिजिटल प्रशिक्षण दिने कार्यक्रममा दुई महामन्त्रीले घुसाए 'बदलिएको कांग्रेस, बलियो कांग्रेस' अभियानलाई । मेचीदेखि महाकालीसम्म पुऱ्याउने भनिएको यो अभियानलाई जिल्ला सभापतिहरूले भने खासै चासो दिएको देखिएन ।

बैठकपछि कांग्रेसले १४ बुँदे आन्तरिक प्रतिबद्धतासहित बैठक सकिएको विज्ञप्ति जारी गऱ्यो । 'पार्टी सदस्यता र संगठनका विभिन्न विषयमा छलफल गरी १४ बुँदे प्रतिबद्धतासहित नेपाली कांग्रेस जिल्ला सभापतिहरूसँगको दुई दिने बैठक सम्पन्न गरेका छौं,' बैठकमा के-के विषयमा कुरा भए भन्ने विषयमा महामन्त्री थापाले भनेका छन्, 'बैठकमा (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## 'सय कोटा'को त्रासमा व्यवसायी

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष सकिन केही दिनमात्र बाँकी रहँदा वैदेशिक रोजगार व्यवसायी भने '१०० कोटा' त्रासमा फसेका छन् । सरकारले एक आर्थिक वर्षभित्र कम्तीमा १०० जना कामदार विदेश पठाउनुपर्ने व्यवस्था लागू गरेको छ । उक्त कोटा पूरा नगर्ने म्यानपावर कम्पनीको नवीकरण रोकिएको छ । यही कारण कोटा पूरा गर्न नसकेका म्यानपावर सञ्चालकहरू कम्पनी खारेज हुने त्रासमा परेका हुन् ।

यस्तो समस्यामा पर्ने म्यानपावर कम्पनी २०० भन्दा बढी रहेको बताइएको छ । व्यवसायीहरूले उक्त नियम खारेजीको माग गर्दै आए पनि सरकारले सम्बोधन गरेको छैन । आर्थिक वर्ष सकिन एक हप्तामात्रै बाँकी रहेको अवस्थामा पनि सरकारले कुनै विकल्प वा निर्देशन नदिएका कारण खारेजीको त्रास उत्पन्न भएको व्यवसायीहरू बताउँछन् ।

वैदेशिक रोजगार (पाँचौं संशोधन) नियमावली, २०७६ बमोजिम वार्षिक १०० जना विदेश पठाउने व्यवसायीहरूको इजाजतपत्र नवीकरण हुने व्यवस्था छ । तर, उल्लिखित संख्या पुऱ्याउन नसक्नेहरूको इजाजतपत्र नवीकरण नहुनेमात्र होइन खारेज नै हुने प्रावधान छ । वैदेशिक रोजगार व्यवसायीहरूले यस प्रावधानको विरोध गर्दै कानुनीरूपमा नै हटाउनुपर्ने माग गर्दै आइरहेका छन् । व्यवसायीहरूको मागअनुसार नै १०० कोटा हटाउन सरकारले केही नेपाल ऐन संशोधन विधेयक मन्त्रिपरिषद्बाट पारित गर्दै संसद्मा पेस गरेको छ । यद्यपि, संसद्मा पेस गरिएको उक्त विधेयक पारित हुन बाँकी छ ।

व्यवसायीहरूमा विधेयक संसद्मा अड्किएसँगै चालु आवको अन्त्यमा आफ्नो इजाजतपत्र नवीकरण नहुने र खारेजीमा

> कोटा पूरा गर्न नसक्ने म्यानपावर कम्पनी २०० भन्दा बढी रहेको बताइएको छ । व्यवसायीहरूले उक्त नियम खारेजीको माग गर्दै आए पनि सरकारले सम्बोधन गरेको छैन । आर्थिक वर्ष सकिन एक हप्तामात्रै बाँकी रहेको अवस्थामा पनि सरकारले कुनै विकल्प वा निर्देशन नदिएका कारण खारेजीको त्रास उत्पन्न भएको व्यवसायीहरु बताउँछन् ।

जाने त्रास बढेको एक व्यवसायीले बताए । उनका अनुसार यसअघि कोरोना महामारीका कारण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विशेष अवस्था सिर्जना भएको भन्दै पछिल्ला तीन वर्ष बाधा अड्काउ फुकाउमार्फत व्यवसायीको लाइसेन्स नवीकरण गरेको थियो । नियमावली संशोधनलगत्तै कोरोना महामारी फैलिएका कारण १०० जना कामदार विदेश पठाउन नसक्दा सरकारले नवीकरणमा सहजीकरण गरेको थियो ।

यता वैदेशिक रोजगार विभागले असार मसान्तभित्र इजाजतपत्र नवीकरण गराउन सूचना जारी गरिसकेको छ । विभागको तथ्यांकअनुसार हालसम्म इजाजत लिएका ८५४ संस्थामध्ये २१२ संस्थाले कोटा पूरा गर्न सकेका छैनन् । विभागले असार मसान्तसम्म संस्था नवीकरण गर्दा १०० कोटा पूरा गर्न नसक्ने व्यवसायीहरूको लाइसेन्स खारेज हुने जनाएको छ ।

विभागका महानिर्देशक मदन दाहालले सरकारले दुई-चार दिनभित्रमा केही निर्णय गरी सहजीकरण गर्ने बताए । 'आर्थिक वर्ष सकिन अझै एक हप्ता बाँकी नै छ, सरकारले केही निर्णय पनि गर्नसक्छ,' उनले भने, 'अन्यथा विभाग नियमकानुन अनुसार नै अघि बढ्छ ।'

विभागले सूचना जारी गरेसँगै त्रासमा रहेका व्यवसायीहरूका संस्था अघिल्ला वर्षहरूमाझैं बाधा अड्काउ फुकाउमार्फत नै नवीकरण गर्नुपर्ने मागसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभिन्न फोरममा आवाज उठाउँदै श्रममन्त्री शरतसिंह भण्डारी, श्रमसचिव केवल भण्डारी र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेललाई ज्ञापनपत्र बुझाइसकेको छ । कोटा खारेजीको विषय संसद्बाट पारित भएलगत्तै कार्यान्वयनमा आउने बताउँदै श्रममन्त्री भण्डारीले त्यसअघि मन्त्रालयले केही विकल्प अपनाउन सक्ने आश्वासन दिएको संघका पदाधिकारीको भनाइ छ । यद्यपि, समय छँदै विगतको जसरी बाधा अड्काउ फुकाऊमार्फत इजाजतपत्र नवीकरण गर्ने व्यवस्था मिलाउन व्यवसायीहरूले जोड दिएका छन् ।

संघका महासचिव मेघनाथ भुर्तेलले करोडौं धरौटी राखेर व्यवसाय गरिरहेका व्यवसायीलाई १०० जना नपुगे पनि सरकारले विनासर्त लाइसेन्स नवीकरण हुने व्यवस्था मिलाउनुपर्ने बताए । 'सरकार आफैंले १०० कोटा संशोधन गर्ने निर्णयलाई संसद्मा लगेको छ,' उनले भने, 'लाइसेन्स नवीकरणकै लागि सरकारले उक्त निर्णय गरेको हो, नवीकरण हुन्छ, गर्नुपर्छ ।' इजाजतपत्र नवीकरणको मिति सकिनै लागेको अवस्थामा सरकारले छिट्टै केही निर्णय गर्दै व्यवसायीलाई राहत दिनेमा आफू विश्वस्त रहेको भुर्तेलले बताए ।

## दुबई पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि दुबई पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । आकर्षक तलबसहित दुबईमा रोजगारी लगाइदिने भन्दै पीडितबाट रकम संकलन गरी फरार रहेको आरोपमा विरु पौडेललाई प्रहरीले पक्राउ गरेको हो ।

सप्तरीको कञ्चनरूप नगरपालिका-४ स्थायी घर भई भक्तपुर लोकन्थली बस्ने ३२ वर्षीया पौडेलले विजय चौलागाईंसमेतलाई दुबईस्थित प्रतिष्ठित कम्पनीमा काम लगाइदिने भन्दै रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनले पिडितसँग कति रकम लिई ठगी गरेको भन्ने कुरा प्रहरीले खुलाएको छैन । दुबईमा ५० हजार रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । पौडेललाई खोजतालासका क्रममा लोकन्थलीबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका पौडेललाई थप अनुसन्धान तथा कारबाहीको लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।


www.trinity.edu.np

+2 Program

Science
Management

TRINITY INTERNATIONAL SS & COLLEGE invites applications from post-SEE/equivalent students for the +2 program.

Eligibility

Applicants must have the following minimum levels in SEE or equivalent exams:

| Science | Management |
| --- | --- |
| GPA 2.8 | GPA 2.2 |
| *Subject Grades* C in Maths & Science and D in the other subjects | Subject Grades D in each subject |

Key Dates

*Entrance cum scholarships Tests*

Science
Thursday, 13 July, 2023 (28 Ashadh, 2080)

Management
Tuesday, 11 July, 2023 (26 Ashadh, 2080)

*Next Entrance Test: 21 July, 2023 (5 Shrawan, 2080)*

TRINITY INTERNATIONAL SS & COLLEGE

Dillibazar Height, Kathmandu, Nepal, Tel: +977 1 4445955/4445956
Email: admissions@trinity.edu.np

Education for the Future

नेपाल प्रहरीको कार्ययोजना-२०८०

# १३ मुख्य लक्ष्य, ४० कार्यगत उद्देश्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरीले १३ वटा मुख्य लक्ष्यसहितको कार्ययोजना सार्वजनिक गरेको छ। प्रहरी प्रधान कार्यालयले तयार पारेको 'नेपाल प्रहरी कार्ययोजना-२०८०' शुक्रबार सार्वजनिक गरिएको हो।

कार्ययोजनामा १३ वटा मुख्य लक्ष्य, ४० वटा लक्ष्यअनुरूपको कार्यगत उद्देश्य र १८३ वटा क्रियाकलाप समेटिएका छन्। नेपाल प्रहरीको आन्तरिक सुदृढीकरण योजनातर्फ पाँच वटा र नागरिक केन्द्रित प्रहरी सेवातर्फ चारवटा गरी प्राथमिकताको आधारमा जम्मा नौ वटा बेञ्चमार्क गतिविधि निर्धारण गरिएको छ।

संघीय संरचना अनुरूप प्रहरी कर्मचारीको समायोजन गर्ने लक्ष्यसमेत कार्ययोजनामा समेटिएको छ। मुलुकभर सुदृढ शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध रोकथाम तथा नियन्त्रण गर्ने, विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान क्षमता अभिवृद्धि एवं प्रहरी सेवा प्रवाहको गुणस्तरमा व्यावसायिक सुदृढीकरण गरी समग्र प्रहरी संगठनको दीर्घकालीन विकास तथा रूपान्तरण गर्ने सन्दर्भमा कार्ययोजना तयार पारी लागू गर्न लागिएको शुक्रबार प्रहरी प्रधान कार्यालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी दिइयो।

उक्त योजना आगामी साउन १ गतेदेखि लागू गरिने प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिए। कार्ययोजनाले समयानुकूल सांगठानिक विकासमा महत्त्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको उनले बताए।

महानिरीक्षक कुँवरले प्रहरी संगठनको सुधार र रूपान्तरणका लागि अहिले उपयुक्त अवसर रहेकोसमेत बताए। उनले अहिले प्रहरी संगठनलाई राजनीतिक नेतृत्वबाट राम्रो सहयोग प्राप्त भएको पनि स्पष्ट पारे। 'संगठनको रूपान्तरण र विकासका लागि वातावरण राम्रो रहेको छ,' कुँवरले भने, 'तर साधन स्रोतको कमी र राष्ट्रको ढुकुटी रित्तिएका बेला चुनौती छ।'

वर्तमान समयमा गृह मन्त्रालयको नेतृत्व आक्रामकरूपमा लागे पनि अन्य क्षेत्रबाट विविध सीमाका कारण पनि अपेक्षा पूरा हुन नसकेको उनले बताए।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले नेपाल प्रहरी कार्ययोजना-२०८०, नेपाल प्रहरी कार्ययोजना-२०७९ को समीक्षा, कार्यान्वयन प्रक्रिया एवं कार्ययोजना बेञ्चमार्क गतिविधिसम्बन्धी प्रस्तुतीकरण गरेका थिए।

सो क्रममा प्रहरी प्रवक्ता, प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले अहोरात्र जनताको जीउधनको सुरक्षामा खटिनुपर्ने जिम्मेवारी बहन गर्न उच्च मनोवलयुक्त प्रहरी कर्मचारीबाट मात्र सम्भव भएको बताए। यसका लागि आन्तरिक शुद्धीकरण, वैज्ञानिक र विशिष्टीकृत अपराध अनुसन्धान प्रणाली, प्रहरी कर्मचारीका आधारभूत आवश्यकताको परिपूर्ति, वृत्ति विकास र कल्याणकारी योजना यस कार्ययोजनाको मुख्य लक्ष्यमा परेको उनले उल्लेख गरे। प्रचलित कानुनको अधीनमा रही मुलुकभर सुदृढ शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध रोकथाम तथा नियन्त्रण गर्ने विशिष्टीकृत तथा वैज्ञानिक अपराध अनुसन्धान क्षमता अभिवृद्धि एवं प्रहरी सेवा प्रवाहको गुणस्तरमा व्यावसायिक सुदृढीकरण गरी समग्र प्रहरी संगठनको दीर्घकालीन विकास तथा रूपान्तरण गर्ने कार्ययोजनाको उद्देश्य रहेको छ।



## मुद्दा दर्ता र पक्राउ ११ प्रतिशतले बढ्यो

**काठमाडौं (प्रस)–** मुलुकमा अपराधका घटनाहरू बढेको प्रहरीले जनाएको छ। गत वर्षको चैतदेखि असारसम्म तीन महिनाको तुलनामा यस वर्षको सोही अवधिमा मुद्दा दर्ता ११ प्रतिशतले बढेको हो। यस्तै पक्राउ पर्नेको संख्या ११.२२ प्रतिशतले बढेको प्रहरी नायब महानिरीक्षक एवं नेपाल प्रहरीका प्रवक्ता कुबेर कडायतले जानकारी दिए।

साइबर अपराधका मुद्दा सबैभन्दा बढी उजुरी परेको जनाउँदै उनले प्रहरीले अघिल्लो तीन महिनाको तुलना गर्दा बैंकिङ कसुरका मुद्दा दोब्बरले बढेको बताए। उनका अनुसार प्राप्त विवरणमा गत वर्षको तीन महिनामा एक हजार ८०० को हाराहारीमा बैंकिङ कसूरका मुद्दा दर्ता भएकामा यस वर्ष त्यो संख्या बढेर तीन हजार ५०० भन्दा बढी छन्।

प्रहरीका अनुसार यस अवधिमा कूल तीन हजार ५६२ जना फरार अपराधीलाई पक्राउ गरिएको छ। उनीहरूबाट एक हजार ८७० वर्ष १० महिना २५ दिन कैद असुल गरिएको छ भने तोकिएको ३० करोड ३८ लाख १६ हजार रकम असुल गर्नुपर्ने देखिएको प्रहरी प्रवक्ता कडायतले बताए।

उनका अनुसार उक्त अवधिमा गाँजामात्रै छ हजार ९६१ किलो, चरेस १७९ किलो, खैरो हेरोइन चार किलो २५ ग्राम र अफिम चार किलो ९८ ग्राम बरामद गरिएको छ। लागुऔषध ब्युरोको विशेष अपरेसनमा रात्रिकालीन क्लबहरूमा गरिएको विशेष अपरेसनमा पाँच विदेशीसहित ११ जनालाई पक्राउ गरिएको छ।

प्रहरीले दिएको जानकारीअनुसार सहकारी ठगीका विषयमा प्रहरीले केही व्यक्तिलाई पक्राउ गरी कानुनी दायरामा ल्याएको छ। शिवशिखर बहुउद्देश्यीय सहकारी र तुलसी बहुमुखी सहकारीका शाखा कार्यालयहरूबाट एक लाख ८९ हजार ८७९ निक्षेपकर्ताहरूको १२ अर्ब २३ करोड ५१ लाख रूपैयाँ रकम दुरूपयोग भएको भेटिएको कडायतले बताए। उनका अनुसार उक्त रकम दुरूपयोगका आरोपमा सहकारीका सञ्चालक केदारनाथ शर्मालाई पक्राउ गरी कानुनी कारबाही थालिएको छ।

अन्य सहकारी ठगीतर्फ दुई अर्ब ४४ करोड २१ लाख रूपैयाँ बिगो कायम गरी अन्य सहकारी ठगीका आरोपीविरुद्ध पाँचवटा मुद्दा दर्ता भएका छन् भने उक्त मुद्दमा संलग्न रहेको आरोपमा १३ जनालाई पक्राउ गरिएको छ। यस अवधिमा लामो हतियार १५३, छोटा हतियार १६, गोली १४७ र म्यागजिन छ वटा बरामद गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार छ हजारभन्दा बढी हातहतियार भने नष्ट गरिएका छन्।

# एसइईको पुनर्योगका लागि आवेदन माग

**काठमाडौं (प्रस)–** राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई), २०७९ मा सहभागी विद्यार्थीले प्राप्त ग्रेडमा चित्त नबुझेमा पुनर्योगका लागि आगामी साउन ५ गतेसम्ममा आवेदन दिन सूचना प्रकाशन गरेको छ।

साधारण र प्राविधकतर्फ नियमित तथा ग्रेडवृद्धि परीक्षामा सहभागी विद्यार्थीले तोकिएको ढाँचा तथा प्रक्रियाबमोजिम पुनर्योग गराउन आवेदन दिन सक्नेछन्। सोका लागि बोर्डको कार्यालय या सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा तोकिएको आवेदन दिन सकिनेछ। सोका लागि आवश्यक व्यवस्था मिलाउन सबै एकाइहरूलाई बोर्डले भनेको छ।

### पूरक परीक्षा साउन २६ र २७ गते

एसइईको पूरक (ग्रेडवृद्धि) परीक्षा आगामी साउनमा हुने भएको छ। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले एक सूचना प्रकाशित गरी पूरक परीक्षा साउन २६ र २७ गते हुने जनाएको छ।

अन्तिम ग्रेड 'सी' वा 'सी'भन्दा कम प्राप्त गरेका विद्यार्थीले पूरक परीक्षा दिन पाउने छन्।

बढीमा दुई विषयसम्म अनुपस्थित रहेका परीक्षार्थीले पनि पूरक परीक्षा दिन पाउने बोर्डले जनाएको छ। ग्रेडवृद्धिका लागि साउन २१ गतेभित्र फाराम भरेर विद्यालयबाट शिक्षा विकास तथा समन्वय एकाइमा पेस गर्नुपर्ने उक्त सूचनामार्फत जनाइएको छ।

परीक्षा रद्द भएका परीक्षार्थीले पूरक परीक्षा दिन पाउने छैनन्। एक विषयको मात्र पूरक परीक्षा दिनुपर्ने विद्यार्थीले पहिलो दिन परीक्षा दिनुपर्नेछ। गत चैत १७ गतेदेखि सञ्चालन गरिएको एसइईको नतिजा यही असार २१ गते सार्वजनिक गरिएको थियो। त्यसमा २२ हजार ४७५ विद्यार्थीले 'ए प्लस' ग्रेड ल्याएका थिए।

## राजनीतिक...

पृष्ठ १ बाट जारी

पार्टी, नीति र नेतृत्वका सम्बन्धमा उठेका विभिन्न विषयहरूलाई हामीले आसन्न केन्द्रीय कार्यसमितिको बैठकमा लैजानेछौं। बैठकमा उपस्थित सभापतिहरूले जुन विचार, सुझाव र प्रतिबद्धता जाहेर गर्नुभएको छ, यसले 'बदलिएको कांग्रेस, बलियो कांग्रेस' बनाउने अभियानलाई थप गति प्रदान गर्नेछ।'

यसबारे अर्का महामन्त्री शर्माले भने खासै मुख खोलेका छैनन्। दुई महामन्त्रीको अभियानलाई बैठकले खासै महत्त्व नदिएको देखिन्छ। 'मेचीकाली अभियानबारे निर्णय भएन,' मकवानपुर कांग्रेस सभापति बुद्ध लामाले भने।

### शेखरको पनि प्रश्न

जिल्ला सभापतिहरूको बैठकमा देउवा नगएकोमा डा. शेखर कोइरालालेसमेत प्रश्न गरे। संस्थापनइतरको नेतृत्व गरेपछि पछिल्लोपटक देउवानिकट बनेका शेखरले विराटनगरबाटै बैठकमा पार्टी सभापति देउवाको पनि उपस्थिति हुनुपर्ने भन्ने धारणा राखेका हुन्। शुक्रबार बिहान उनले बैठकमा पार्टी सभापति देउवा पनि सहभागी भएको भए सुनमा सुगन्ध हुन्थ्यो भन्ने विचार व्यक्त गरेका थिए।

त्यसो त उक्त कार्यक्रम सुरुमा 'भर्चुअल' रूपमा जुमबाटै आयोजना गर्ने तयारी थियो। अधिकांश जिल्ला सभापतिहरूले पार्टी कार्यालयमै भौतिकरूपमा आयोजना गर्न सुझाव दिएपछि सानेपामै बोलाइएको महामन्त्री शर्माले पहिलो दिनमै भनेका थिए। यही भनाइलाई पुष्टि गर्ने गरी विराटनगर पुगेका शेखरले भने, 'पहिले यो कार्यक्रम जुमबाट गर्ने योजना बनेको थियो। तर, ७० प्रतिशत सभापतिहरू काठमाडौंमै भएकाले भौतिक उपस्थितिमै कार्यक्रम गर्ने निर्णय भएको हो।'

### बैठकमा को थिए देउवाका दूत ?

जिल्ला सभापतिहरूको बैठकमा संस्थापन पक्षबाट सहमहामन्त्री भीष्मराज आङ्देम्बे र प्रचार विभाग प्रमुख मीन विश्वकर्मा बैठकमा उपस्थित थिए। बैठकबारे देउवालाई जानकारी थियो कि थिएन ? 'सभापतिलाई थाहै नदिई बैठक राख्ने भन्ने हुन्न। उहाँलाई पूर्ण जानकारी छ,' यसबारे प्रस्टचाउँदै बैठकमा सहभागी सहमहामन्त्री आङ्देम्बेले भने।

विशेषगरी यस्ता खालका बैठक महामन्त्रीको लेभलबाटै हुने भएकोले सभापति उपस्थित नभएको उनको तर्क थियो। प्रचार विभाग प्रमुख विश्वकर्माले पनि बैठकबारे देउवालाई पूर्णजानकारी रहेको बताए। जिल्ला सभापतिहरूलाई स्वागत गर्दै महामन्त्री शर्माले पनि सभापति देउवा उपस्थित नहुने बताएका थिए। बैठकमा संस्थापन पक्षका जिल्ला सभापतिहरूको पनि सहभागी थिए।

पछिल्ला राजनीतिक गतिविधिमा नदेखिएका देउवा शनिबार भने किताब विमोचनमा देखिए भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डमा। 'भैरवसिंह रावल स्मृतिग्रन्थ' सार्वजनिक गर्दा देउवाले राजनीतिक दौडधुपको बारेमा खासै केही बोलेनन्। देउवाले अछाम कांग्रेसका पुराना नेता रावलकोबारेमा चर्चा गरे। 'रावलजीको अछामलाई वेग्लै जिल्लाका रूपमा स्थापित गराउन ठूलो योगदान छ, सुदूरपश्चिम क्षेत्र विकासमा पछि परेकाले सबै मिलेर काम गरी अघि बढाउनुपर्छ भनी प्रेरित गरिरहनुभयो,' छोटो मन्तव्यमा देउवाले भने।

## 'स्टन्ट'मै...

पृष्ठ १ बाट जारी

छँदा उनी भने एउटा पुरानो घरको बरण्डा गएर उपरखुटी लगाएर हाँस्दै बसे। जुन भिडियो यतिबेला टिकटकमा भाइरल छ।

केही दिनअघि मात्रै उनी नारायणगढ-मुग्लिन सडकखण्ड पहिरोले अवरुद्ध हुँदा त्यहीं पुगेर ढुंगा पन्छाइरहेको भिडियो भाइरल भएको थियो। कहिले उनी पर्यटनमन्त्री सुदन किरातीले जसरी समर्थकलाई बोक्दै गरेका देखिन्छन्। कहिले ट्रकबाट पाइप अनलोड गर्दै गरेको पनि देखिन्छ। जबकि, उनी देश बिग्रिएको र बनाउने जिम्मा देऊ भन्दै जनअभिमत प्राप्त गरेका नेता हुन्।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २४ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | विद्यार्थीका लागि राम्रो योग छ। |
| **वृष** | रोकिएको काम बन्नेछ। |
| **मिथुन** | टाढाको यात्रा फलदायी ह'नेछ। |
| **कर्कट** | सामाजिक कार्यमा समय बित्नेछ। |
| **सिंह** | शैक्षिक प्रगति तर आर्थिक क्षति ह'नसक्छ। |
| **कन्या** | स्वास्थ्यमा समस्या आउनसक्छ। |
| **तुला** | नयाँ कामको थालनी ह'नेछ। |
| **वृश्चिक** | सवारीसाधन चलाउँदा ध्यान दिन'होला। |
| **धनु** | मित्रजन र आफन्तसँग भेटघाट ह'नेछ। |
| **मकर** | आर्थिक क्षेत्रमा प्रगति ह'नेछ। |
| **कुम्भ** | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ। |
| **मीन** | नजिकको मान्छेबाट धोका ह'नसक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २४ गते, २०८०, ९ जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

केन्द्रीय कारागारका कैदी

# १५ देखि २० प्रतिशत मानसिक रोगी



प्रतीकात्मक तस्बिर

■ शरद् शर्मा

**काठमाडौं–** केन्द्रीय कारागारमा रहेको केन्द्रीय कारागार अस्पतालमा मानसिक रोगीको संख्या बढ्दै गइरहेको पाइएको छ । कारागारमा कैदीबन्दीहरू त्यत्तिकै बस्दा मानसिक रोग बढ्दै गएको अस्पतालले जनाएको छ ।

कारागार अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा. प्रकाश बुढाथोकीका अनुसार हृष्टपुष्ट कैदीबन्दीलाई सरकारले प्रयोग गर्न नसकेपछि कारागारमा मानसिक रोगी बढिरहेको बताए । उनका अनुसार अस्पतालमा करिब १५ देखि २० प्रतिशत मानसिक रोगी कैदीबन्दी रहेका छन् ।

उनले अस्पतालमा सबभन्दा बढी मानसिक रोगी नै रहेको बताए । त्यसपछि मधुमेह, कोलस्ट्रोल, उच्च रक्तचापका बिरामीको साथै महिलाको पाठेघर खस्ने, पाठेघरमा संक्रमणजस्ता पनि बिरामी कारागारमा रहेका छन् । यस्तै क्यान्सरका पनि बढ्दै गएको उनको भनाइ छ ।

अस्पतालमा मानसिक रोगी बढ्न थालेपछि दुई जना मानसिक रोग विशेषज्ञ र दुई परामर्शदातासमेत राखेको छ । अस्पतालले मानसिक वार्ड भनेर पनि छुट्याएको छ । 'उनीहरूको काम केही छैन । फुर्सदमा सोचेर एक्लै बस्ने गर्दछन् । टोलाउने गर्छन् । जसले गर्दा उनीहरू विस्तारै मानसिक रोगी बन्दै छन्,' उनले भने, 'उनीहरू दोषी भएर वा कतिपय परिबन्द परेका पनि होलान् । आत्मग्लानी भएर मेरो जिन्दगी गयो भनेर सोचेर बसेका रोगी बढेका छन् ।'

कारागारभित्र कैदीबन्दीलाई व्यस्त बनाउने काम नभएकाले रोगी बढेको उनको भनाइ छ । विभिन्न विकास निर्माणमा सरकारले बलिया, जवान, हृष्टपुष्ट कैदीलाई प्रयोग गर्न सके मानसिक रोगी नबढ्ने उनको भनाइ रहेको छ ।

उनी सरकारले कैदीबन्दीको रोग जन्माउनुभन्दा व्यस्त बनाएर काम लिनुपर्ने सुझाव दिन्छन् । 'सरकारले उनीहरूलाई यसै पनि सिधा, चामल, लगाउने कपडा सबै दिएकै छ । कैदीबन्दीलाई व्यस्त गराउन नसक्दा उनीहरूको रोग जन्माउने काम भइरहेको छ र त्यही जन्माएको रोगमा सरकारले करोडौं खर्च गरिरहेको छ,' उनले भने, 'सबै खर्च व्यहोरेको सरकारले कैदीबन्दीलाई काममा लगाउनुपर्छ ।'

डा. बुढाथोकी आफू आइसकेपछि कैदीबन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरेको बताउँछन् । कारागारमा रहेका नाइके र सहनाइकेमार्फत कैदीबन्दीलाई मनोपरामर्श गरिएको छ । अहिले मनोपरामर्श दिएपछि १५-२० जना एकान्तमा बस्नेहरू लुडो खेल्ने, साथीभाइसँग कुराकानी गर्नेजस्ता क्रियाकलाप गर्न थालेका छन् ।

### सबै कैदीलाई निःशुल्क उपचार

कैदीबन्दीलाई उपचार लागि खुलेको केन्द्रीय कारागार अस्पतालले कैदीलाई राम्रो उपचार निःशुल्क प्रदान गरिरहेको अस्पतालका मेडिकल सुपरिडेन्टेन्ट डा. बुढाथोकी बताउँछन् । उनका अनुसार कारागारमा रहेका सबै कैदीको सानादेखि ठूलो रोगका उपचार सरकारले गर्ने भएकाले सबै उपचार खर्च अस्पतालले नै व्यहोर्दै आएको छ ।

केन्द्रीय कारागार अस्पतालमा उपचार हुन नसकेपछि वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, गंगालाल अस्पताललगायत अस्पतालसँग सम्झौता गरेर कैदीबन्दीको उपचार सरकारले निःशुल्क गर्ने गरेको उनी बताउँछन् । अस्पतालमा अहिले कैदीबन्दीलाई सामान्य उपचार, मानसिक रोग विशेषज्ञ, छाला तथा यौनरोग विशेषज्ञ, दन्त चिकित्सक, आँखा विशेषज्ञ, महिला तथा प्रसूति रोग विशेषज्ञ सेवा तथा प्रयोगशाला, भिडियो एक्सरे, रेडियोलोजिष्ट सेवा पनि पाइरहेका छन् ।

अस्पतालमा सात विशेषज्ञ चिकित्सक र मेडिकल अधिकृत आठ जनासहित ९० जना स्वास्थ्यकर्मीले कैदीबन्दीलाई उपचार गरिरहेका छन् । उनले आफू आइसकेपछि छाला तथा यौनरोग विशेषज्ञ, दन्त चिकित्सक, आँखा विशेषज्ञ, महिला तथा प्रसूति रोग विशेषज्ञ चिकित्सकलाई ल्याएको बताउँछन् । अस्पतालमा अहिले दैनिक दुई सय जनाको उपचार गर्न आउने गरेका छन् ।

### उपलब्ध सेवा

अस्पतालमा अहिले कैदीबन्दीको सामान्य खालका शल्यक्रिया हुने गरेका छन् भने मुटुको भल्व परिवर्तन, मिर्गौला प्रत्यारोपणजस्ता सेवा भने अन्य अस्पतालमा लगेर कैदीको निःशुल्क उपचार गरिन्छ । अस्तपालले उपचार हुन नसकेका रोगको लागि बाहिरको सम्बन्धित जिल्ला अस्पतालसँग कारागार व्यवस्थापन पक्षले निःशुल्कमा उपचारका लागि सम्झौता गरेको छ । केन्द्रीय कारागार अस्पतालले २१ वटा अस्पतालसँग सम्झौता गरेको छ ।

'सामान्य किसिमका उपचार कारागारभित्र रहेको अस्पतालमा हुन्छ,' उनले भने, 'कैदीबन्दीलाई जटिल किसिमको रोग भयो भने उपचार हुने ठाउँमा सरुवा गरेर उपचार गरिन्छ । जटिल रोगको उपचार हामीले वीर, गंगालाल अस्तपाल, शिक्षण अस्पताल, टेकु अस्पतालमा गर्दछौं ।'

देशभरिका कैदीलाई उपचारका लागि करिब १० करोड रूपैयाँ खर्च हुने उनी बताउँछन् । प्रत्येक कारागारमा वर्षमा १० लाख रूपैयाँ खर्च हुने गर्दछ । हाल देशका ७२ जिल्लामा ७४ कारागार छन् । केन्द्रीय कारागारमा उपचार गरेको मात्र ५० लाख रूपैयाँ खर्च हुने गरेको छ ।

केन्द्रीय कारागारमा उपचार नभएपछि वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, त्रिवि शिक्षण अस्पताललगायतका सम्झौता गरेका अस्पतालमा कैदीलाई उपचार गरेबापतको रकम तिर्ने गरेको उनी बताउँछन् । वि.सं. १९७१ मा सदरजेल बने पनि २०२० बाट एउटा कोठमा स्वास्थ्यकर्मीबाट कैदीबन्दीको उपचार सेवा सुरु गरिएको थियो । यस्तै २०६८ सालमा कारागारका अस्पतालको भवन सुरु भएको र २०७० सालमा १५ शयचाको अस्पतालमा रूपमा कारागारमा अस्पताल सञ्चालन भयो । अहिले ३० शयचाको भवनमा अस्पतालले ४० शयचासम्म सञ्चालन गरेर कैदीलाई निःशुल्क उपचार गरिरहेको प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा. बुढाथोकी बताउँछन् ।

कारागारले अब ५० शयचाको भवन बनाउन तयारीमा भइरहेको जनाइएको छ । केन्द्रीय कारागार नुवाकोटमा सर्ने भनिए पनि कारागार अस्पताल भने अहिलेकै ठाउँ सुन्धारामा नै रहने उनको भनाइ छ । नुवाकोटमा एउटा अस्पतालको सानो युनिट रहेको छ । 'नुवाकोटमा भएका कैदीबन्दीको उपचार गर्नका लागि दुई वा पाँच शयचाको अस्पताल नुवाकोटमा हुन्छ,' उनले भने, 'तर केन्द्रीय अस्पताल भने यही सुन्धारामा नै हुन्छ ।'

अस्पतालको सबैभन्दा ठूलो समस्या भौतिक पूर्वाधार रहेको छ । विशेषज्ञ चिकित्सक बस्ने कोठाको अभावले पालैपालो चिकित्सकले बिरामी हेर्ने गरेका छन् ।

### सरुवा रोगको डर

अस्पतालमा सरुवा रोगको डर धेरै नै हुने गरेको छ । धेरै कैदीबन्दी भएकाले एक जनाबाट धेरैमा सर्ने रोग खतरा भएकाले डर हुने गरेको उनी बताउँछन् । केन्द्रीय सुधार गृहमा दुई हजार जना कैदीबन्दी, भद्र सुधारगृहमा एक हजार ५०० जना र महिला सुधारगृहमा ५०० जना कैदी रहेका छन् ।

'डेंगी, कोरोना भाइरसको महामारी आएपछि एउटा लागेपछि सबैलाई संक्रमण सर्न सक्दछ,' उनले भने, 'त्यतिबेला हामीलाई बढी डर हुन्छ । सबै कैदी सँगै बस्ने सँगै खेल्ने गर्दछन् । अनि सरुवा रोग सर्छ भन्ने डर हुन्छ ।' डा. बुढाथोकीले भर्खरैमात्र अस्पतालमा कैदीबन्दीलाई आकस्मिक सेवा र एम्बुलेन्स सेवा पनि सञ्चालन गरेको बताउँछन् ।

### अस्पतालका सुधार गर्न कार्यदल

गृह मन्त्रालयअन्तर्गत रहेको अस्पतालमा समन्वयको अभाव रहेको छ । मन्त्रालयको मातहतको अस्पताल र स्वास्थ्यकर्मी स्वास्थ्य मन्त्रालयले पठाउने भएकाले समन्वयको अभाव रहेको उन बताउँछन् । गृह र स्वास्थ्यकर्मीबीच अस्पताल सुधार गर्नका बैठक बसेको उनको भनाइ छ । 'गृहसचिवको समय हुँदा स्वास्थ्य सचिवको नमिल्ने, स्वास्थ्य सचिवको मिल्दा गृहसचिवको नमिल्ने, बल्ल-बल्ल समय मिलाएर स्वास्थ्यका दुई सचिवलाई गृहसचिवसँग बैठक बसेर अस्पताल सुधारका कार्यक्रम लागू भइरहेका छन्,' उनले भने ।

अस्पताल सुधारका लागि कारागार व्यवस्थापन विभागको महानिर्देशकको संयोजकत्वमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सदस्यसचिव र गृह तथा स्वास्थ्य मन्त्रालयको नीति तथा योजनाको प्रमुख रहनुभएको कार्यदल गठन गरिएको छ । अस्पतालमा हाडरोग विशेषज्ञ, प्रसूति रोग विशेषज्ञ र शल्यक्रिया कक्ष र सघन उपचारकक्ष (आइसियू) सञ्चालन गर्ने योजना रहेको उनले सुनाए ।

### कैदीबन्दीको स्वास्थ्य बिमा

अस्पतालले वि.सं. २०७९ चैत १ गतेदेखि कैदीबन्दीका लागि स्वास्थ्य बिमामा सूचीकृत गर्न थालेको छ । प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा. बुढाथोकीका अनुसार यस वर्ष एक हजार ७०० कैदीबन्दीको स्वास्थ्य बिमा गरिएको छ । सबै कैदीबन्दीको बिमा गर्ने भनेता पनि कागजात र कानुनी प्रक्रियाका कारण हुनसकेको छैन ।

कानुनले नेपालीको मात्र बिमा गर्न पाउने व्यवस्था रहेकाले विदेशी कैदीबन्दीका पनि समस्या रहेको डा. बुढाथोकी बताउँछन् । मन्त्रिपरिषद्मा थुनुवा पुर्जीका आधारमा स्वास्थ्य बिमा गर्न सकिन व्यवस्था संशोधन गर्न पठाइएको र उक्त संशोधन भएपछि अदालतले जारी थुनुवा पुर्जीको आधारमा नागरिकतालगायतका अन्य कागजात नभए पनि पुर्जीको आधारमा बिमा गरिदिन सकिने अस्पतालले जनाएको छ । *रासस*

# 'ललिता निवास प्रकरणका दोषी कसैलाई छाडिन्न'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन र सामाजिक न्याय वर्तमान सरकारको प्रमुख कार्यभार रहेको बताएका छन् । ललितपुरको हात्तीवनस्थित निजी निवासमा शुक्रबार पत्रकारसँगको अनौपचारिक कुराकानीमा उनले सामाजिक, आर्थिक रूपान्तरणमा सरकारको ध्यान केन्द्रित भएको बताए ।

'राजनीतिक परिवर्तनपछि जनताको जीवनमा गुणात्मक परिवर्तन हुनुपर्थ्यो, त्यसो हुन सकेको छैन,' उनले भने, 'अब नयाँ ढाँचाको समृद्धि र विकास होस्, जनताले अनुभूति गर्न सक्ने खालको आर्थिक सामाजिक परिवर्तन होस् भन्ने छ, त्यसैले सरकार सामाजिक, आर्थिक रूपान्तरणमा केन्द्रित भएको छ ।'

जनताको संघर्षका बलमा राजनीतिक उपलब्धि हासिल भए पनि जनताको आर्थिक सामाजिक अवस्थामा सुधार आउन नसक्दा परिवर्तनको औचित्यमाथि नै प्रश्न उठ्न थालेको भन्दै उनले विकास र समृद्धि सरकारको मुख्य लक्ष्य भएको बताए । 'राजनीतिक उपलब्धिलाई सामाजिक आर्थिक क्षेत्रमा विस्तार गर्नुपर्छ, राजनीतिक परिवर्तनलाई माध्यम बनाएर सामाजिक आर्थिक रूपान्तरण गर्नुपर्छ,' उनले भने ।

समृद्धिको यात्राको मात्रात्मक गतिलाई परिवर्तन गरेर गुणात्मक फड्कोमा पुऱ्याउनुपर्ने अवस्था रहेको भन्दै उनले राजनीतिक परिवर्तनले निर्देश गरेअनुसारको सामाजिक आर्थिक रूपान्तरण हुनुपर्ने बताए । 'हाम्रो समृद्धिको यात्राले गति प्राप्त गर्न सकेको छैन, सन्तुष्ट हुने ठाउँमा छैनौं,' उनले भने, 'समृद्धिको यात्रालाई तीव्र बनाएर जनआकांक्षा पूरा गर्नु सरकारको पहिलो कार्यभार हो ।'

सरकारले सुशासनलाई पहिलो सर्त मानेर आफ्नो ध्यान केन्द्रित गरेको उनको भनाइ छ । भ्रष्टाचार र कमिसनले देश धेरै जर्जर भएको उल्लेख गर्दै उनले भ्रष्टाचारको प्रभावकारी ढंगले नियन्त्रण गर्न नसके परिवर्तन पछाडि पनि देश जुन हालतमा छ, त्यस्तै भइरहने खतरा रहेको बताए । 'ठूलो सम्भावना भएको मुलुकमा किन गुणात्मक विकास गर्न सकेनौं, जनताको जीवन फेर्न सकेनौं, आधारभूत आवश्यकता पूरा गर्न सकेनौं ? यसले राजनीतिक परवर्तनको औचित्यमाथि नै प्रश्न उठेको छ,' उनले भने ।

'कमिसन' र भ्रष्टाचारको जालो कुनै न कुनै रूपले राजनीतिक नेतृत्वबाट संरक्षित रहेको उल्लेख गर्दै उनले राजनीतिक क्षेत्रलाई स्वच्छ नबनाई भ्रष्टाचारको निर्मूल गर्न नसकिने बताए । 'यसका लागि राजनीतिलाई सफा गर्नुपर्छ । किनभने कमिसन र भ्रष्टाचार जालो कुनै न कुनै रूपमा राजनीतिक नेतृत्वबाट संरक्षित छ वा उनीहरूकै संलग्नता छ । त्यसकारण विकास र समृद्धिले फड्को मार्न सकेन,' उनले भने ।

भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहित सुशासनमा दृढतापूर्वक कदम चाल्न खोजिएको उल्लेख गर्दै उनले परिवर्तनपछाडि जनताले अपेक्षा गरेका विषय प्राप्त नहुनुको कारणको समाधान गर्न खोजिएको बताए ।

### नक्कली शरणार्थी प्रकरण पीडादायी

गृहमन्त्री श्रेष्ठले नक्कली भुटानी शरणार्थी बनाएर राज्यलाई नै अपमानित गर्ने राज्यकै मुख्य ठाउँमा बसेर जुन घटना भयो त्यो लज्जास्पद भएको बताए । 'यो पीडादायी घटना हो । सो प्रकरणमा संलग्न जो कोहीलाई कानुनको दायरामा ल्याउने प्रक्रिया अगाडि बढेको छ,' उनले भने ।

भुटानी शरणार्थी प्रकरणमा जनताको मनमा उब्जेका प्रश्नलाई गम्भीरताका साथ लिएर थप अनुसन्धान गर्न आफूले प्रहरीलाई निर्देशन दिएको उल्लेख गर्दै उनले भने, 'एउटा-एउटा 'केस' वा व्यक्तिका बारेमा हामी निर्देशन दिँदैनौं । कुनै व्यक्तिलाई पक्रने कि नपक्रने, कुनै मुद्दामा अगाडि बढ्ने कि नबढ्ने भनेर हामीले निर्देशन नपर्खनु भनेको छौं ।'

सरकारको ध्यान अब ललितानिवास जग्गा प्रकरणमा केन्द्रित भएको उल्लेख गर्दै उनले प्रहरीले निष्पक्ष ढंगबाट अनुसन्धान अगाडि बढाएको बताए । 'हामीले प्रस्ट निर्देशन दिएका छौं, कुनै राजनीतिक दबाब र प्रभावमा नपर्नु, राजनीतिक 'कनेक्सन'का आधारमा के गर्ने भनेर नसोच्नू,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'कुनै प्रकारको चलखेलले भूमिका खेल्न नपाओस्, स्वतन्त्र स्वच्छ अनुसन्धान गर्नूस्, जो दोषी छ, दोषीलाई कानुनको दायरामा ल्याउनका लागि निर्भिकताका साथ अगाडि बढ्नूस् भन्ने प्रहरीलाई निर्देशन छ ।'

ललिता निवासको जग्गा सरकारकै भएको दाबी गर्दै उनले विभिन्न समयमा भएका छानबिन र प्रहरी अनुसन्धानले पनि प्रस्टयाएको बताए ।

### प्रहरीको सरुवा/बढुवामा आर्थिक चलखेल शून्य

उपप्रधानमन्त्री श्रेष्ठले प्रहरीको सरुवा र बढुवामा हुँदै आएको भनसुन र आर्थिक चलखेललाई शून्यमा झारिएको दाबी गरे । 'राजनीतिक दबाब र हस्तक्षेप तथा अवाञ्छित आर्थिक गतिविधिका आधारमा प्रहरीको सरुवा र बढुवा हुँदैन,' उनले भने । प्रधानमन्त्री पुष्पकमल दाहालले पनि प्रहरी तथा निजामती कर्मचारीको सरुवा तथा बढुवामा आफूलाई दबाब नदिएको उनको भनाइ छ ।

## 'स्टन्ट'मा रम्दै...

पृष्ठ १ बाट जारी

जिम्मेवारी छ ।

तर, उनी भने हातमा कुटो, कुचो र फोहोर बोकेर हिँडिरहेका छन् । किरातीको यस्ता कार्यलाई उनकै एक जना शुभेच्छुकसमेत रहेका अमृत सागरले 'बढी स्टन्टबाजी' भएको भन्दै टिप्पणी गरेका छन् । तर, पनि अमृतले 'राम्रो काम गर्नुहोस्' भन्दै शुभेच्छा प्रकट गरेका छन् । अमृतले जसरी किरातीको कामलाई 'स्टन्ट' देख्नेहरू थुप्रै छन् ।

फेरि, मन्त्री किराती नेतृत्वको मन्त्रालयको क्षेत्राधिकारअन्तर्गत समस्याहरू नभएका होइनन् । उड्डयन अधिकारीहरूका अनुसार नेपाल वायु सेवा निगम डुब्न लागेको छ । नेपालमा हवाई दुर्घटना न्यूनीकरण हुन सकेको छैन । युरोपियन युनियनको उडान प्रतिबन्ध फुकुवा भएको छैन । पोखरा क्षेत्रीय विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउन सकेको छैन । धेरै विमानस्थलहरू गौचर भएका छन् । उड्डयन क्षेत्रमा सुधार गर्नुपर्ने यस्ता धेरै समस्या छन् । तर, उनीचाहिँ 'स्टन्ट' गरिरहेका छन् ।

गत ५ वैशाखमा भने उनले उड्डयन क्षेत्र र वायु सेवा निगमको क्षेत्रमा अभूतपूर्व परिवर्तनका लागि निगमको र उड्डयन प्राधिकरणको व्यवस्थापन टिम परिवर्तन गर्ने प्रभाव सम्वादातासँग बताएका थिए । नभए व्यवस्थापन पक्षमा पुनःसंरचना गर्ने उनको भनाइ थियो । नभन्दै उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई दोस्रोपटक स्पष्टीकरण सोधे । तर, अधिकारीले जवाफ दिएका छैनन् । बरु, एक प्रकारले मन्त्री र अधिकारीबीच शीतयुद्ध सुरु भयो । यसले उड्डयन प्राधिकरणको व्यवस्थापन टिम परिवर्तनमा किरातीले सफलता नपाउने छाँट देखिएको चर्चा हुन थालेको छ ।

नेपालमै पाइलट उत्पादनका लागि 'फ्लाइङ स्कुल' स्थापना गर्ने उनको योजना हो । शुभम् एभिएसन प्रालि र चन्द्रसूर्य एभिएसनलाई कार्यविधि संशोधन गरेर इजाजत दिएका छन् । तर, यसमा प्रगति हुन सकेको छैन ।


कर्णाली प्रदेश सरकार

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

**यातायात व्यवस्था सेवा कार्यालय**

चौरजहारी रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल

**प्रयोगात्मक परिक्षा स्थल (ट्रायल सेन्टर) र सवारी साधनको प्रस्ताव आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/०३/ २४ गते )

यस कार्यालयबाट सञ्चालन गरिने सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परिक्षाको लागि परीक्षा स्थल (Trial Center) र सवारी साधनको आवश्यकता परेकाले प्रचलित कानून बमोजिम दर्ता भइ सञ्चालनको लागि अनूमति प्राप्त व्यक्ति/प्राइभेट फर्म/ कम्पनीहरूहरूबाट देहायका शर्तहरूको अधिनमा रहि भाडामा ट्रायल सेन्टर दुई पांग्रे (स्कुटर/मोटरसाइकल) र चार पांग्रे (साना,मझौला र ठुला) सवारी साधन उपलब्ध गराउन सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्न आव्हान गरिन्छ ।

१. प्रयोगात्मक परिक्षा स्थल(ट्राइल सेन्टर) सवारी चालक अनुमति पत्र वितरणका लागि सञ्चालन गरिने प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका,२०६९ को संशोधित मापदण्ड बमोजिम हुनुपर्ने छ ।
२. ट्रायल सेन्टर चौरजहारी नगरपालिका वडा नं १,२ र ३ को उपत्यकाभित्र हुनुपर्ने छ ।
३. कम्पनी वा फर्मले हालसम्म नविकरण वा करचुक्ताको अद्यावधिक प्रमाणपत्र संलग्न राख्नु पर्नेछ ।
४. प्रस्ताव तोकिएको म्याद भित्र यस कार्यालयमा सूचिकृतको लागि दर्ता गराई सक्नुपर्नेछ ।
५. दर्ता हुन आएका आर्थिक र प्राविधिक प्रस्ताव निर्धारित समयमा प्रस्तावकको उपस्थिति र प्रतिनिधिको रोहवरमा खोलिनेछ तर प्रस्तावक/ प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
६. प्रयोगात्मक परीक्षा स्थलमा ट्राफिक लाइट, सी.सी.टिभि क्यामराको फुटेज हेर्न सकिने प्राविधिक उपकरणको उचित व्यवस्थापन हुनुपर्नेछ ।
७. कार्यालयले प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा ट्रायल सेन्टरसँग कुनै प्रकारको शुल्क, दस्तुर लिने दिने छैन साथै कुनै प्रकारले लिखित सम्झौता पनि गरिने छैन ।
८. फर्मले प्रस्ताव पेश गर्दा सिकारुलाई सिकाउने दररेट पनि सँगै पेश गर्नुपर्नेछ ।
९. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**सवारी साधनको हकमा**

१. चार पाङ्गेको हकमा न्यूनतम ८०० सी.सी.र मझौला, ठुला सवारी साधनहरू अन्य सवारी साधन आवश्यकता अनुसार ट्रायल सेन्टरलेनै उपलब्ध गराउनु पर्नेछ ।
२. प्रस्तावसँगै सवारी साधन आफ्नै स्वामित्वमा भएको वा भाडामा लिएको कागजात र सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
३. प्रयोगात्मक परीक्षा (ट्रायल) मा प्रयोगहुने सवारी साधनहरू मोटरसाइकल/ स्कुटर प्रति परीक्षार्थी रु ३००/- कार, जिप, डेलिभरी भ्यान रु.७००/- नबढ्ने गरी र सो बाहेक अन्य हलुका तथा मझौला सवारी साधनहरूको प्रति परीक्षार्थी रु १०००/- मा नबढ्ने गरी सवारी साधन भाडादर पेश गर्नुपर्नेछ । उल्लेखित शर्तहरू पुरा नभएको वा प्रक्रिया नपुगि दर्ता भएका प्रस्ताव उपर अन्तिम निर्णय गर्ने अधिकार कार्यालयमा सुरक्षित रहेनेछ ।
४. प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र फर्म दर्ता नविकरणको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मु.अ.क. दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित रु १०/- को टिकट टाँसी निवेदन दिई रु. १०००/अक्षेरूपी एकहजारमात्र (पछि फिर्ता नहुनेगरि ) श्री प्रदेश लेखा इकाई, रुकुम पश्चिमको नाममा नेपाल बैंक लिमिटेड रुकुम पश्चिममा रहेको खाता नं.२७५०२०००००१००१०००००१, राजश्व शिर्षक नं. १४२२९ मा राजश्व दस्तुर जम्मा गरेको भौचर पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

आनन्द चपाई
कार्यालय प्रमुख


## भुल सुधार

मिति २०८०/०३/२२ को यस राष्ट्रिय दैनिकमा प्रकाशित श्री जितपुर बडारे सामुदायिक वन उपभोक्ता समूह, हरिहरपुरगढी गा.पा.-१, सिन्धुली र श्री गढी सामुदायिक वन उपभोक्ता समूह, हरिहरपुरगढी गा.पा.-१, सिन्धुलीको बोलपत्रद्वारा गोलिया काठ र काठ/दाउरा लिलाम बिक्रीको सूचनामा "आ.व. ०७८/०७९ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम रुख कटान भई उत्पादन भएको" हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।


नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६१/०४/१८ मा दर्ता भएको **प्रा.लि. नं. १०१०९२** को **गुम्बेशी बिजनेश प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (७) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गगन विश्वलाई लगाउनुपर्ने कसी

**दुई महिनामा एकपटक बस्नैपर्ने कांग्रेसको केन्द्रीय समिति बैठक भ्रूण्डै एक वर्षपछि बस्दै छ । कांग्रेस केन्द्रीय समिति बस्न केन्द्रीय सदस्यले सानेपामा निवेदन नै हाल्नुपर्‍यो । यसबारे सभापति शेरबहादुर देउवामात्र चुप बसेनन् पार्टीका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा पनि मौन रहे ।**

**उपनिर्वाचनमा 'देवरबाबु' का रूपमा 'ट्रोल' भएका कांग्रेसका जोधाहा दुई महामन्त्रीमाथि पछिल्ला दिनहरूमा प्रश्नहरू उठ्न थालेका छन् । पार्टीका महत्त्वपूर्ण विषयमा सभापतिलाई सल्लाह दिने, केन्द्रीय कार्यालय सञ्चालनदेखि भ्रातृ संगठनलाई पूर्णता दिने विषयमा सभापतिलाई सघाउने कर्तव्य महामन्त्रीको हो । तर, दुई महामन्त्रीले यी काममा कुनै ध्यान दिएका छैनन् । कार्यकर्ताको मुख्य प्रश्न गगन विश्वको कार्यशैलीप्रति हो । निर्वाचनमा गठबन्धन गर्ने तर बाहिर आएर कार्यकर्तामाझ गठबन्धन गर्न हुन्थेन भन्दै विरोध गर्ने । सत्तामा प्रधानमन्त्री पुष्पकमल दाहाललाई मत दिने भन्दै समर्थन गर्ने निर्णय गर्ने तर बाहिर 'नोट अफ डिसेन्ट' जारी गर्ने । यतिमात्र हैन, विधानतः परिपूर्ति गर्नुपर्ने कोषाध्यक्षको विषयमा चुइँक्क नबोल्ने, विभागहरू गठनमा चासै नदिने । गगन–विश्वको शैलीका कारण तल्लो तहका नेता कार्यकर्ता यही कारण आक्रोशित छन् । अझ महामन्त्री थापा त यस्तै कार्यशैलीका कारण पार्टीमासमेत घेराबन्दीमा परेका छन् । संस्थापनइतरकै नेता डा. शेखर कोइरालाले अहिले आफ्नो किचेनबाट गगनलाई आउट गरेका छन् । गगनको कार्यशैलीको युवा नेता प्रदीप पौडेलले पनि विरोध जनाउन थालेका छन् । आफूमाथि प्रश्न उठ्न थालेपछि गगन आफ्नो गल्ती लुकाउन लागिपरेका देखिन्छन् ।**

**निकै अघिदेखि गगन देशभर कांग्रेस बदल्न अभियान लिने भन्दै सुर कसेका थिए । कार्यशैलीमाथि प्रश्न उठाउँदै कार्यकर्ता आक्रोशित भएपछि गगन अहिले हच्केका छन् अभियान लिएर जान । यही अभियानलाई जिल्ला सभापतिहरूको बैठकबाट अनुमोदन गर्ने तयारी गगन–विश्वले गरेका थिए । तर, जिल्ला सभापतिहरूले यो अभियानलाई खासै चासो नै दिएनन् । दुई महामन्त्रीले माग उठाउन नसकेको अर्को विषय हो नीति अधिवेशन । १४औं महाधिवेशन सकेको छ महिनाभित्र गरिसक्नुपर्ने अधिवेशन २० महिना पुग्दा पनि सुरसार छैन । यसकारण यो नेतृत्व असफल भएकोले अबको नीति अधिवेशन बेकामको हुने कतिपय केन्द्रीय सदस्य नै दाबी गर्छन् । नीति अधिवेशन भए जसको नेतृत्व उसकै नीति पारित हुने भएकोले बरु अर्ली महाधिवेशन हुनुपर्ने उनीहरूको माग छ । अरुलाई प्रश्न गर्ने तर आफ्नो जिम्मेवारी पूरा नगर्ने नेतृत्वमाथि कार्यकर्ताले आशंका गर्नु जायज हो । त्यसैले कार्यकर्ताको आशंका निवारण गर्न सुधारको कसीमा जाँचिनु गगन–विश्वका लागि अहिलेको टड्कारो आवश्यकता हो ।**

# असारे विकासमा अल्झिएको देश



▶▶ विष्णुप्रसाद खनाल

असारे विकास आफैँमा एक गुणस्तरहीन कार्य हो । किनकि, असारे विकासले केवल तथ्यांकीय खर्च प्रणालीलाई मात्रै प्रवर्द्धन गरेको देखाउन सक्छ । तर, यसले दिगोपना प्रदान गर्न सक्दैन । यसरी हेर्दा मुलुकको विकासको अवस्थालाई सुधार गर्न विकासको शैली बदल्नुपर्ने समय आएको छ । विकासका योजना तथा आयोजनाहरूको अनुगमन र मूल्यांकन गर्ने चरणमा र समयमा विकास निर्माणका कार्यको सुरुआत गर्नु विडम्बनाको विषय हो, जसले देशलाई दुर्गतिको बाटोमा अगाडि बढाउन सहयोग पुग्दछ । गुणस्तरहीन कार्य आफैँमा अपराध हो, जसले लगानी र समयको तहसनहस पार्ने गर्दछ ।

नेपालमा गणतन्त्रको स्थापना तथा नेपालको संविधान २०७२ जारी भएपछि प्रत्येक वर्षको असार महिनाभित्रमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीति तथा कार्यक्रम एवं बजेट सार्वजनिक हुने गरेता पनि विकास निर्माणका कार्यहरू भने प्रत्येक आर्थिक वर्षको असार महिनामा बढी हुने गर्दछन् । विकास आफैंमा परिवर्तन हो, सुधार हो, रूपान्तरण हो तर यो दिगो हुनुपर्दछ भन्ने मान्यता राखिन्छ र जसले प्रतिफल तथा उपयोगिता प्रदान गर्दछ । नेपालमा प्रायः विकास निर्माणका कार्यहरू आर्थिक वर्षको अन्त्यमा अर्थात् असार महिनामा गर्ने गरिन्छ । यो कुनै पनि दृष्टिकोणबाट उपयुक्त होइन । अभ्यासगतरूपमा हेर्दा नेपालको बजेटमा प्रस्ताव गरिने विकास खर्चमा चालु र पुँजीगत दुवै प्रकृतिका खर्चहरू रहने व्यवस्था छ, जसमा समान्यतया चालु खर्च मासिक प्रकृतिको हुने प्रायः यस्तो खर्च प्रत्येक महिनामा बराबरजसो हुने गर्दछन् ।

अर्कातिर, विकास खर्चले आर्थिक वृद्धिलाई सहयोग गर्ने मात्रै नभएर आममानिसमा विकासको अनुभूतिसमेत दिने गरेता पनि असारे विकासले भने दिगोपना दिन सक्दैन । नेपालको विकासलाई हेर्दा खासगरी आर्थिक वर्षको पहिलो छ महिनाको तुलनामा अन्तिम तीन महिना वैशाख, जेठ र असारमा पुँजीगत खर्च बढी हुने त्ससमा पनि असारमै एक महिनामा धेरै कामहरू भएको देखिन्छ । असारे विकासका पछाडि प्रतिवेदनमा ढिलाइ, भुक्तानीमा ढिलाइ, कार्यान्वयनमा ढिलाइ र आर्थिक वर्षको बीच र अन्त्यतिर निकासा दिएर विनातयारीका परियोजनामा खर्च गर्ने प्रवृत्तिले गर्दा असारे विकासमा दिगोपना आउन सकेको छैन ।

सवाल विकास निर्माणका कार्यहरू किन असारमा गर्ने ? विकासका कामहरू गर्न असारसम्मै कुर्नुपर्ने अवस्था किन ? एकातिर विकासका कार्यहरू दातृ निकायको सहयोगबाट सञ्चालन तथा निर्माण हुने गर्दछन् तर उक्त सहयोगा लागि स्वयं कार्यान्वयन गरेरमात्र हुने भएको र देशमा त्यसको चलखेल हुने भएका कारण विकास निर्माणका कार्यमा ढिलाइ हुने गर्दछ । एकातिर यसले केही हदसम्म भुक्तानीमा ढिलाइ हुने गर्दछ । विवरण नै सरकारलाई ढिला प्राप्त हुने भएपछि कतिपय अवस्थामा आर्थिक वर्ष सकिएको पहिलो चार महिनामा मात्र आउने देखिन्छ । आर्थिक सर्वेक्षण २०७९/२०८० का अनुसार नेपालमा दीर्घकालीन विकास र लक्ष्यलाई मध्यनजर गर्दा नागरिकको समग्र जीवनमा आउने अर्थपूर्ण, मापनयोग्य तथा सामाजिक वैधतासहित जीवनशैलीमा आउने सकारात्मक परिवर्तन नै विकास हो । नेपाल सन् १९७१ देखि अतिकम विकसित राष्ट्रको सूचीमा पर्दै आएको छ । उक्त सूचीबाट स्तरोन्नतिका लागि १३औं योजना अवधिदेखि नै प्रयास हुँदै आएको थियो । अतिकम विकसित मुलुकको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन तीन मापदण्ड पूरा गर्नुपर्नेमा दुई मापदण्ड पूरा गरी स्नरोन्नतिका लागि नेपाल योग्य भएको भनिएको छ । त्यसैगरी सर्वेक्षणअनुसार सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति भएपछि त्यसको प्रभाव अर्थतन्त्रको आन्तरिक तथा बाहय क्षेत्रमा पर्ने देखिन्छ ।

हाल नेपालले निर्यात व्यापारमा अति कम विकसित राष्ट्रको रूपमा पाइरहेको सहुलियतमा कमी आई निकासी गर्ने वस्तुको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने सम्भावना रहेको छ भन्ने कुरालाई उल्लेख गरिएको छ । त्यसैगरी विकासको अवस्थाका चित्रण गर्दा दिगो विकास लक्ष्यको लक्ष्य १ देखि १७ सम्मका लक्ष्यको अवस्थालाई विश्लेषण गर्नु आवश्यक देखिन्छ । विकास जनजीविकाको सवालसँग जोडिएको विषय हो । त्यसैले पनि त्यो दिगो हुनु आवश्यक छ । स्थानीयस्तरमा जोडिने विषयहरू खासगरी खानेपानी, सिँचाइ, भौतिक पूर्वाधार, यातायात, सञ्चार, विद्युत्, सडक, स्वास्थ्य, शिक्षाजस्ता विषयहरूको विकासका लागि असार महिना नै पर्खनुपर्ने प्रवृत्तिले देशको विकास हुन सकेको छैन । एकातिर विकासका लागि पर्याप्त बजेटको व्यवस्था नहुनु, अर्कातिर विनियोजित बजेटको पनि सदुपयोग नहुनु, त्यसमा पनि राजनीतिक चलखेलका कारण समयमा योजना तथा आयोजनाको काम नसकिनु नेपालका लागि नियमित कार्यतालिकाजस्तै बनेको छ । असार लागेपछि वर्षायाम सुरू हुन्छ । विकास निर्माणका लागि अनुकूल वातावरण तय हुँदैन तर सोही समयमा हुने विकासका कार्य आफैंमा गुणस्तरहीन कार्य हो, जसको दिगोपना त केवल कागजमा मात्र सीमित रहन्छ । विकास निर्माणका कार्यमा एकातिर कमसल सामग्रीहरूको प्रयोग गरिन्छ भने अर्कातिर काममा हुने ठगी र जसरी बजेट सक्नुपर्ने बाध्यताका कारण यस्ता विषयहरूमा असारे विकास एक उठानयोग्य विषय बनेको छ ।

असारे विकास आफैंमा एक गुणस्तरहीन कार्य हो । किनकि, असारे विकासले केवल तथ्यांकीय खर्च प्रणालीलाई मात्रै प्रवर्द्धन गरेको देखाउन सक्छ । तर, यसले दिगोपना प्रदान गर्न सक्दैन । यसरी हेर्दा मुलुकको विकासको अवस्थालाई सुधार गर्न विकासको शैली बदल्नुपर्ने समय आएको छ । विकासका योजना तथा आयोजनाहरूको अनुगमन र मूल्यांकन गर्ने चरणमा र समयमा विकास निर्माणका कार्यको सुरूआत गर्नु विडम्बनाको विषय हो, जसले देशलाई दुर्गतिको बाटोमा अगाडि बढाउन सहयोग पुग्दछ । गुणस्तरहीन कार्य आफैंमा अपराध हो, जसले लगानी र समयको तहसनहस पार्ने गर्दछ ।

एकातिर देश आफैंमा कमजोर अवस्थामा छ । यस्तो अवस्थामा हुने गुणस्तरहीन कार्यले देशलाई झनै कमजोर बनाएको छ । असार लागेसँगै बजारमा आर्थिक चहलपहल बढ्न थाल्छ । मनसुनसँगै आर्थिक चहलपहल बढ्दै गर्दा त्यसबेला गरिने विकासका कार्यले खासै अर्थ राख्दैन । तर, वर्षायाम सुरू भएसँगै गरिने विकास निर्माणका कार्यले बाहिरी रूपमा झट्ट हेर्दा विकासको चटारोजस्तै देखिएता पनि यो विनासको चटारो बनेर देखापरेको हुन्छ । सडक मर्मतसम्भार तथा चालु रहेका कामलाई तीव्रता दिँदै असारभित्रै काम सक्ने होडबाजी चलेको हुन्छ ।

नेपालमा सञ्चालित आयोजना र योजनाहरूमा पहिलो नौ महिनामा खासै कुनै काम हुँदैन र वैशाख लागेपछि मात्र सरकारी कोष खर्च गर्ने तम्सिने परम्परा कुनै नौलो होइन । एकातिर संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले जेठ र असार महिनामा सडक नखन्ने घोषणा गर्ने गर्दछन् तर तीनै सरकारअर्न्तगत जेठ र असार महिनामै सडक मर्मतको नाममा असारे भेलसँगै सरकारी खर्चको भेल पनि सुरू हुने प्रवृत्तिले विकास दिगो बन्न सक्दैन भन्ने कुरा स्पष्ट छ । हुन त राज्यले प्रशासनिक खर्च फरफारक गर्ने समय पनि जेठ र असार नै हो तर विभिन्न अध्ययन अनुसन्धान, गोष्ठी, सभा समारोह, सेमिनार तथा अन्य कार्यहरूको नाममा पनि अत्यधिक खर्च भएको देखिन्छ । सबै प्रकारका भुक्तानी पनि यसै समयमा गर्ने र बाँकी रहेको विभिन्न शीर्षकमा बजेट फ्रिज हुने अवस्थाले गर्दा जेजस्तो भए पनि विकास निर्माणका नाममा खर्च गर्ने गरिन्छ । जुनसुकै सरकार आए पनि नेपालमा असारे विकासले निरन्तरता पाइरहेको छ । किनभने हरेक सरकारलाई बजेटमा प्रगति देखाउन हतार हुन्छ । हतारमा गरिने कार्यले विकास निर्माणका आयोजनाहरूले गुणस्तर प्रदान गर्न सक्दैन ।

हरेक वर्ष पुँजीगत बजेटको ठूलो हिस्सा असारमा नै खर्च हुने गर्दछ । यसलाई कमजोर सरकारी खर्च प्रणालीको रूपमासमेत लिन सकिन्छ । प्रत्येक वर्ष बजेट पारित हुन्छ तर पारित भएको लामो समयसम्म कार्यक्रमहरूको बोलपत्र कागजात पनि तयार हुँदैन । सानो काम गर्न पनि धेरै प्रक्रिया पूरा गर्नुपर्ने, बजेट निकासादेखि आयोजना स्थलसम्म आइपुग्दा निकासा भएको रकममा धेरै ठाउँमा प्वाल परिसकेको हुन्छ । वास्तविक खर्च योजनामा कम हुन्छ । अर्थात् कम मूल्यको मात्रै काम भएको देखिन्छ र जसले गर्दा काम गुणस्तरहीन हुन्छ । जुन प्रवृत्ति नेपालमा नौलो होइन । यसलाई सुधार गर्न नीतिगत सुधार गर्नु आवश्यक छ । जबसम्म नीतिगत सुधार हुँदैन, तबसम्म प्रवृत्तिगत सुधार हुन सक्दैन । नेपालको संविधान २०७२ जारी हुनुभन्दा अगाडि नेपालमा विकास निर्माणका कार्यहरूको प्रक्रियामा केही फरक थियो तर अहिले यो स्वरूप परिवर्तन भएको छ । हरेक दिन पत्रपत्रिकामा आउने भ्रष्टाचार र अनियमितताको विषयमा आउने समाचार हरूले देशको अवस्था स्पष्टरूपमा देखाएको छ । जनमानसको कुरामात्र होइन, संवैधानिक निकाय महालेखापरीक्षकको कार्यालयले प्रत्येक वर्ष प्रकाशन गर्ने प्रतिवेदनले देखाएको मार्गमासमेत राज्य मौन रहन्छ ।

अन्त्यमा, हरेक वर्षजस्तै यस वर्षको असारमा पनि विकासको होडबाजी देखापरेको छ तर यो होडबाजी गुणस्तरीय कामका लागि होइन । गुणस्तरहीन कामका लागि हो, जसले दिगो विकासको परिकल्पना गर्न सक्दैन । केवल खर्च कसरी गर्ने भन्ने कुरासँग मात्र सम्बन्धित छ । पहिलो कुरा- नीति निर्माताहरूले यस्ता कुराहरूमा ध्यान दिँदै सोहीबमोजिम नीतिहरू तर्जुमा गर्नु आवश्यक छ । दोस्रो कुरा- संघ, प्रदेश र स्थानीय तहहरूका बीच काममा समन्वय हुनु आवश्यक छ । राज्य र राज्यका हरेक निकायमा जवाफदेहिता र पारदर्शिता नभएसम्म त्यसले देशलाई विकासको मार्गमा अगाडि बढाउन सक्दैन । तसर्थ, असारे विकासको शैली परिवर्तन गर्नु आजको आवश्यकता हो । त्यसमा सम्बन्धित पक्षको ध्यान जानु जरूरी छ ।

## मननयोग्य

### चाणक्य नीति

यता चाणक्यले चन्द्रगुप्तको मन्तव्य पनि जाने । चन्द्रगुप्तको अन्तिम ईच्छा जानी हेलेनसँग विवाह हुने आशा प्रकट गरिदिए ।

यसरी इतिहासको यो अद्वितीय क्षणको स्वीकृति दुवैतिरबाट भयो । दुवै पक्षको स्वीकृति थियो यो घटनाको तर मगधका पजामा जब यसको चर्चा भयो । मानिसका विचारधारा अलग-अलग थिए, एक विजातीय कन्यासँग विवाह ? त्यो पनि मगध सम्राटसँग ? धर्मका कट्टरपत्थी विद्रोह गर्न थाले । प्रजामा कानेखुसी भइरहन्थ्यो ।

चाणक्यलाई यो सबै थाहा थियो । चन्द्रगुप्त यस्तो परिस्थितिले चिन्तित भए तर चाणक्य सधैँजस्तै रहस्यमय शान्ति लिई बसेका थिए । चाणक्यले घोषणा गरे- 'जुन प्रजालाई यो विवाह उचित छैन भन्ने लागेको छ । । तीन दिनपछि आफ्नो तर्कसँगै राजदरबारमा उपस्ति हुनु, हामी खुला सभामा त्यो आपत्तिमा न्यापूर्वक निर्णय गर्छौं ।

अनि तीन दिनपछि ठूलो पानीमा भीड जम्मा भयो । पटागिनीमा एक आश्चर्यलाग्दो स्वर थियो । केही पण्डित मानिसलाई आफ्ना तर्क सम्झाउने प्रवास गर्दै थिए ।

चाणक्य आउनासाथ सबै चूप ! उपस्थित सबैतिर दृष्टि दिँदै आसन ग्रहण गर्न संकेत गरे । आफू पनि आसनमा बसे । चाणक्यले भने- सम्मानित समाज यस सभामा तपाईहरूको दर्शन भयो यो मेरो सौभाग्य हो, यो सभामा नडराई आफ्नो आपत्ति भन्नुहोस् । यो चाणक्यको ओजस्वी बोलीको चमत्कार थियो, पण्डित समूह प्रतिरोध गर्न खडा हुनमा झन्झट मानिरहेथे । धेरै अन्तककद्वन्द्वपछि एक ब्राह्मण साहस गर्दै आफू रिसाई बोल्न थाले- 'म मगधका नागरिकका तर्फबाट सोच्छु के युनानी राजकुमारी एवम् विजातीय कन्या हेलनसँग मगध सम्राट् चन्द्रगुप्तको विवाह गरिदैछ ? यो अधर्म हो, सन्तान वर्ण सङ्कट हुन्छ, धर्मले यसको स्वीकृति दिँदैन । यस कुराले सबैलाई बल मिल्यो सबैने साहस गर्दै भने- 'हो यो विवाह हुन सक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौं ।

पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आंखीभी चल्न लागे । आफैलाई रोक्त गम्भीर भई भने- 'चाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुनसक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईहरूसँग सोध्न चाहन्छु के धर्मको अर्थ विनाश हो ? क्रमशः

## पत्र–मञ्जुषा

# सभामुख र सांसदको भूमिकामाथि प्रश्नै प्रश्न

सभामुख भनेको निष्पक्ष पद हो । सत्ताको पक्ष वा विपक्षमा लाग्न मिल्दैन । तर, पदीय मर्यादाको ख्याल गर्न नसक्ने व्यक्तिलाई सभामुख बनाउँदा कस्तो हुन्छ भन्ने परिणाम प्रदेश १ मा देखिएको छ । प्रदेशमा मात्रै होइन संघीय संसद्मा पनि उही समस्या छ ।

सदन हाँक्नसक्ने क्षमता नभएकालाई सभामुख बनाउँदाको असर अहिले छर्लंग देखिएको छ । सदन अवरोध भएको भएकै छ । कानुन बनाउनुपर्ने सांसदहरू रमिता देखाएर बसेका छन् । सदनले एउटा पनि नयाँ कानुन बनाउन सकेको छैन । जनताले तिरेको कर 'बालुवामा पानी हालेसरह' भइरहेको छ । राज्यको ढुकुटीबाट दैनिक सांसदहरूको तलब भत्ता र सेवासुविधाका निम्ति करोडौं रूपैयाँ खर्च भइरहेको छ ।

तलबभत्ता, सरकारी गाडी, चालक, इन्धन गरेर जनताले तिरेको कर सिध्याउने कामबाहेक केही प्रगति हुन सकेको छैन । सदन चलेको छ महिना हुन लागिसकेको छ । तर, अहिलेसम्म राम्ररी सदन चलेको छैन । सबै सांसद कहिले पनि सदनमा उपस्थित हुँदैनन् । कहिले को झल्किन्छन्, कहिले को ? सदन सधैं रित्तो नै देखिन्छ । न कुनै ऐनकानुन नै सदनबाट पारित हुन सकेको छ । जनताले तिरेको करबाट अर्बौं रूपैयाँ खर्च गरेर निर्वाचन आयोगले २०७९ मंसिर ४ गते प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन गरायो ।

तर, त्यसको उपलब्धि के भयो त ? जनता घण्टौंको बाटो हिँडेर मतदान गर्न गए । दिनभरि घामपानी नभनी लाइन बसे । यद्यपि, उनीहरूले के पाए ? एकातिर कर सखाप भयो अर्कोतिर जनताले दुःख पाए । जति ऐनकानुन पारित हुनुपर्थ्यो, त्यो हुन सकेको छैन, किन ? वास्तवमा भन्ने हो भने सभामुख देवराज घिमिरेसँग सदन चलाउने क्षमता नै छैन । १५ दिनमा बल्लतल्ल सदन डाक्ने, त्यहीमाथि सांसदहरू उपस्थित नहुने । अनि सांसदको संख्या पुगेन भनेर सदन 'डिसमिस' बनाइदिने ।

पहिलो कुराः सांसद सदनमा उपस्थित नै हुँदैनन् । दोस्रोः आएका पनि मस्त निद्रामा हुन्छन् । अनि कसरी कानुन बन्छ ? कानुन बनाउने सांसदहरूले केही जानेका छैनन् । राम्ररी नेपाली भाषा बोल्न र पढ्न त जान्दैनन् । सभामुख घिमिरे सांसदहरूलाई सदनमा उपस्थित गराउनसमेत असफल छन् । बैठकमा उपस्थित नहुने सांसदलाई त कारबाही गर्नुपर्ने हो । तर, त्यो पनि गर्न सकेका छैनन् । सित्तैमा जनताले खाइनखाई तिरेको कर पचाउन पाइन्छ ? सांसदहरूलाई लाज लाग्नुपर्ने हो तर के गर्नु सबै लाज पचेका छन् ।

सदनमा त सक्दो जनताको समस्या उठाउनुपर्ने होइन र ? जनताले आफ्नो अभिभावक भनेर सांसद बनाएर पठाएका होइनन् ? तर, जनताकै कुरा उठाउन किन आनाकानी ? कुनै बेला सभामुखले सदनमै जुत्ताको थप्पड पनि खाए । झण्डै दुई दशकअघिको कुरा हो, सांसद गोल्छे सार्कीले सभामुख रामचन्द्र पौडेललाई जुत्ताले हिर्काएका थिए । ऐनकानुन पनि पास गर्न नसक्ने, बोल्नलाई समय पनि नदिने भएपछि उनले जुत्ताले हिर्काए । अहिलेका सांसदसंग आफ्नो दिमाग नै छैन ।

पार्टीको सभापतिको बोली बोल्छन् । जनताका लागि होइन्, पार्टीका सभापतिका लागि सांसद भएका हुन् । सांसद होइन्, पार्टी सभापतिको झोले भन्नुपर्छ, यिनीहरूलाई । एमालेबाट निर्वाचित भएर आएका सांसदहरू केपी ओलीको गुनगान गाउँछन् । रास्वपाका सांसदहरू रवि लामिछानेको र कांग्रेसीहरू शेरबहादुर देउवाको । जनताले तिरेको करबाट बिहान बेलुका भात खाएका सांसदहरूले जनताकै सोझो गर्न सकेका छैनन् । कुनै क्षमता नै छैन यिनीहरूसंग । एउटा कागजमा टिपोट गरेर ल्याउँछन्, त्यही पढेर सुनाउँछन् । बजारमा के भइरहेको छ ? जनता कुन अवस्थामा छन् ? उनीहरूलाई थाहा छैन ।

जनताले यी सब कुरा नियालिरहँदा सांसदहरूको आँखामा पट्टी बाँधिएको छ ? कहाँ के भइरहेको छ ? भन्ने नै उनीहरूलाई थाहा छैन । जुनसुकै पार्टीको होस्, सबै उस्तै छन् । आफ्नो धोक्रो भर्न गएका हुन् । सदनमा २७५ जना सांसद छन् । तर, तीमध्ये एक जना सांसद पनि राज्य र जनताका लागि आएका होइनन् । अहिले सांसदहरूले बोलेका र गरेको जनताले देखिरहेका छन् । यसको नतिजा सांसदहरूले २०८४ सालको चुनावमा पाउने निश्चित छ ।

*–अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**पहिरोले हटाइँदै |** चितवनको इच्छाकामना–६ कालिखोलामा शनिबार पहिरो खसेपछि अवरुद्ध सडक खुलाइँदै । पहिरोका कारण शनिबार दिउँसो ४ बजेदेखि नारायणगढ–मुग्लिन सडक अवरुद्ध बनेको थियो । *तस्बिरः रासस*

# एसइईमा निजीभन्दा सामुदायिक अब्बल




**गलकोट–** एसइई परीक्षाफल प्रकाशनको नतिजाअनुसार बागलुङमा निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नतिजा अब्बल देखिएको छ । बिहीबार प्रकाशित एसइई परीक्षाफलअनुसार बागलुङमा चार जिपिए (सतप्रतिशत) अंक ल्याउने छ विद्यार्थीमध्ये चार विद्यार्थी सामुदायिक विद्यालयका रहेका छन् । जिल्लामा चार सामुदायिक र दुई निजी विद्यालयका विद्यार्थीले चार जिपिए ल्याउन सफल भएको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयले जनाएको छ ।

जिल्लामा गत वर्षको तुलनामा यस वर्ष उत्कृष्ट अंक ल्याउने विद्यार्थीको संख्यामा वृद्धि भएको हो । गत वर्ष ५६ जनाले ३.६ जिपिएभन्दा माथि अंक प्राप्त गरेकामा यस वर्ष बढेर ३.६ जिपिएभन्दा माथि अंक प्राप्त गर्ने विद्यार्थीको संख्या १३९ जना पुगेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख कुश्मराज उपाध्यायले जानकारी दिए ।

जिल्लामा चार जिपिए ल्याउने विद्यालयमा गणेश माविका दुई, चिल्ड्रेन लाइफ बोर्डिङ स्कुलका दुई, रूद्रेपीपल माविका एक विद्यार्थी र भीमगिठे माविका एक विद्यार्थी रहेका छन् । जिल्लामा चार हजार ७७४ विद्यार्थी परीक्षामा सम्मिलित भएका थिए । त्यसमध्ये २३० प्राविधिक धारतर्फका विद्यार्थी परीक्षामा सहभागी भएका थिए । बागलुङमा ३.६ देखि चार जिपिए ल्याउने १३९, ३.३ देखि ३.५५ जिपिए ल्याउने ३१३ विद्यार्थी, २.८ देखि ३.१५ जिपिए ल्याउने ४६७, २.४ देखि २.७५ जिपिए ल्याउने विद्यार्थी ७४८, दुईदेखि २.३५ जिपिए अंक ल्याउने विद्यार्थीको संख्या एक हजार १९२, १.६ देखि १.९५ सम्म अंक ल्याउने एक हजार २८३ र १.२ देखि १.५५ जिपिए ल्याउने ३३६ तथा त्यसभन्दा कम अंक ल्याउने ६६ विद्यार्थी रहेका छन् । *रासस*

# चारपांग्रेको 'लाइसेन्स' परीक्षा बागलुङबाटै

**गण्डकी–** एघार वर्षपछि पुनः बागलुङमा चारपांग्रे सवारी चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालनमा आउने भएको छ । नयाँ मापदण्डअनुसारको संरचना नहुँदा वि.सं. २०६९ देखि चारपांग्रेको प्रयोगात्मक (ट्रायल) परीक्षा बागलुङमा हुन सकेको थिएन ।

यातायात व्यवस्था कार्यालयका प्रमुख पारसिंह थापाले आगामी साउनभित्रै चारपांग्रे सवारीसाधनको 'लाइसेन्स' परीक्षा सुरु हुने जानकारी दिए । 'ट्रायल परीक्षाका लागि मापदण्ड पुगेको पूर्वाधार र सवारीसाधन भाडामा लिन १५ दिने बोलपत्र सूचना निस्किसकेको छ,' उनले भने, 'बोलपत्रको मूल्यांकनसहित आवश्यक प्रक्रिया पुऱ्याएर परीक्षा सुरु गर्छौं ।'

कार्यालयको आफ्नै जग्गा नभएका कारण प्रयोगात्मक 'ट्रायल' परीक्षाका लागि ड्राइभिङ इन्स्टिच्युटले बनाएको संरचना भाडामा लिनुपर्ने अवस्था छ । दुईपांग्रेको 'ट्रायल' परीक्षा पनि बागलुङ नगरपालिका-१ रामरेखामा भाडाकै जग्गामा सञ्चालन हुँदै आएको छ । 'कार्यालयको आफ्नै जग्गा र पूर्वाधार नभएपछि निजी क्षेत्रसँग मिलेर लाइसेन्स परीक्षालाई व्यवस्थित गर्न लागिएको हो,' प्रमुख थापाले भने, 'लामो समयसम्म चारपांग्रेको ट्रायल रोकिँदा बागलुङसहित पर्वत, म्याग्दी र मुस्ताङका सेवाग्राही लाइसेन्सका लागि बाहिर जानुपर्ने बाध्यता अब हट्छ ।'

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले बागलुङबाट चारपांग्रे सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन हुँदा सिंगै धवलागिरि क्षेत्र लाभान्वित हुने बताए ।

'लाइसेन्स परीक्षाको नयाँ मापदण्ड लागू भएपछि बागलुङमा ठाउँ अभावका कारणले चारपांग्रेको ट्रायल हुन सकिरहेको थिएन, अब त्यो छिट्टै सुरु हुन्छ, मन्त्रालयले पनि यसमा विशेष चासो र पहल लिइरहेको छ,' उनले भने, 'बागलुङमा परीक्षा सञ्चालन नहुँदा कास्कीलगायतका कार्यालयमा देखिएको चाप पनि घट्छ ।'

गण्डकी प्रदेशमा कास्की, बागलुङ, तनहुँ र नवलपुर गरी चार ठाउँबाट सवारीचालक अनुमतिपत्र (लाइसेन्स) परीक्षा सञ्चालन हुँदै आएको छ । दैनिक सयौं जनाले लाइसेन्सका लागि लिखित र प्रयोगात्मक परीक्षा दिन्छन् ।

सवारी चालक अनुमतिपत्र सेवालाई सहज र छरितो बनाउन अनलाइन भुक्तानी सेवा पहिलोपटक बिहीबारदेखि गण्डकी प्रदेशबाटै सुरु भएको छ । तत्काललाई कास्कीबाट सुरु भएको उक्त सेवा छिट्टै बागलुङ, तनहुँ र नवलपुर कार्यालयबाट पनि सुरु हुने मन्त्रालयका प्रवक्ता पौडेलले जानकारी दिए । *रासस*

# छात्रवृत्तिले विद्यार्थीको उत्साह थप्दै

■ **सुशीला रेग्मी**




**रामपुर–** हुम्लाको ताजाकोट गाउँपालिका-२ खटिकबाडाका राजेन्द्र खत्री रामपुरमा बसेर इञ्जिनियरिङ शिक्षा अध्ययन गर्छन् । उनी रामपुरस्थित दरैठाँटी माविमा सिभिल इञ्जिनियरिङको तेस्रो सेमेस्टरमा अध्ययनरत छात्र हुन् । सो सेमेस्टरको भर्ना अभियान चलेको हुँदा पैसाको जोहो कसरी गर्ने भन्ने चिन्ताले पिरोलिएका थिए ।

परिवारमा पैसा बन्दोबस्त गर्न नसक्दा पढाइ बीचमै छाड्ने कि अगाडि बढाउने भन्ने दोधारमा उनी थिए । यसै क्रममा पाल्पाको रामपुर नगरपालिकाले ३० हजार रूपैयाँ बराबरको मेयर छात्रवृत्ति कोषबाट रकम सहयोग गरेपछि भर्ना गर्ने पिरलो टरेको छ ।

'परिवारमा कमाउने कोही छैन, इञ्जिनियरिङ पढ्ने इच्छा धेरै भएर सुरु गरिहाले, भर्ना शुल्क, पढाइमा लाग्ने विविध खर्चमा रकम जुटाउन नसक्दा बीचमै पढाइ छाड्ने कि भन्ने मनमा कुरा खेलिरहेको बेला नगरपालिकाले एकैपटक ३० हजार रूपैयाँ बराबरको छात्रवृत्ति दिएपछि भर्ना हुने पिरलो हटेको छ,' उनले भने ।

परिवारको आर्थिक अवस्था कमजोर रहे पनि इञ्जिनियरिङ पढ्ने तीव्र इच्छाले चार दिनको समय लगाएर पाल्पाको रामपुरमा पढ्न आएको उनी बताउँछन् । एकतर्फीमात्र गाडीभाडा १० हजार रूपैयाँ लाग्दछ । जीवनमा इञ्जिनियरिङ विषय पढेर केही गर्ने सपना बुनेका खत्रीको नगरपालिकाले पढाइमा सहयोग गरेपछि हौसला थपिएको छ । उनलाई तेस्रो सेमेस्टरमा भर्ना हुन ३० हजार रूपैयाँ रकम लाग्छ । सो रकम नगरपालिकाको पूरा सहयोगमा पढ्न पाउँदा आफू बाहिरी जिल्लाको विद्यार्थी हुँ भन्ने अनुभूति नभएको उनी बताउँछन् ।

'आफू जन्मेको गाउँपालिकाले शिक्षामा केही सहयोग गरेको छैन, हामीजस्ता गरिब, विपन्न परिवारका विद्यार्थीले आफ्नो पालिकाबाट केही सेवासुविधा पाइएको छैन,' उनले भने, 'घरदेखि चार दिन टाढाको दूरीमा बसेर अध्ययन गर्न आउने हामीलाई यहाँको स्थानीय सरकारले पढाइमा ठूलो मद्दत पुऱ्याएको छ ।'

दुःखसँग ऋण गरेर जसोतसो भर्ना भएर पढ्न थालेको उनले बताए । घरमा बुबा पाँच वर्षदेखि प्यारालाइसियसको बिरामी भएर थला परेका छन् भने भाइ, आमाको लालनपालन, घरको जिम्मेवारी काँधमा रहँदा त्यसमाथि आर्थिक अभावमा पढाइमा धेरै दुःखसँग उनले संघर्ष गरिरहेका छन् ।

इञ्जिनियरिङका लागि एक वर्ष पढेर पढाइ पूरा नहुँदा भर्ना शुल्क, पढाइका लागि शैक्षिक सामग्रीलगायतमा रकम जुटाउन विपन्न परिवारका विद्यार्थीलाई निकै समस्या छ । नगरपालिकाले बाहिरका विद्यार्थीलाई स्थानीयसरह नै शैक्षिक क्षेत्रमा लगानी गरेपछि बाहिरबाट यहाँ पढ्न आउने विद्यार्थीमा आत्मबल बढेको छ ।

रामपुर-१ कुमैडाँडा बस्ने बालकुमारी सुनारले यस वर्ष २१ हजार रूपैयाँ रकम छात्रवृत्तिस्वरूप बुझेका छन् । रामतुलसी नमूना माविमा कृषि बाली विज्ञानअन्तर्गत दोस्रो सेमेस्टरमा अध्ययनरत उनी सो रकमले पढाइमा धेरै राहत पुगेको बताउँछन् । छात्रवृत्तिबापत पाएको रकम भर्ना तथा शैक्षिक सामग्रीमा खर्च गर्ने उनले बताए ।

'नगरपालिकाले दिएको छात्रवृत्ति रकमले पढाइमा मनोबल बढाएको छ, मेहनत गर्ने हामीजस्ता विपन्न परिवारका सदस्यलाई पढाइमा सहयोग पाएपछि भविष्यमा पढेर केही गर्छु भन्ने हिम्मत र साहस बढेको छ,' उनले भने । एउटा सेमेस्टरमा ३० हजार रूपैयाँ बुझाउनुपर्छ, यस रकमले धेरै सहयोग पुग्ने हुँदा रामपुर नगर सरकारले यस कार्यक्रमलाई निरन्तरता दिन उनको अनुरोध छ ।

यो कार्यक्रम नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ देखि सुरु गरेको हो । यस आर्थिक वर्षमा नगरपालिकाले गंगा माविका चार जनालाई ६२ हजार रूपैयाँ, रामपुर आधारभूत विद्यालयका चार जनालाई ३४ हजार, आधारभूत माविका पाँच जनालाई ५४ हजार, रामतुलसी नमूना माविका छ जनालाई ८७ हजार, दरैठाँटी माविका पाँच जनालाई एक लाख ३० हजार, नवदुर्गा माविका १० जनालाई ९० हजार, सहिद बहुमुखी क्याम्पस रामपुरका ३३ विद्यार्थीलाई दुई लाख ९१ हजार ६५० गरी ६७ विद्यार्थीलाई जम्मा सात लाख ४८ हजार ६५० रूपैयाँ बराबरको छात्रवृत्ति रकम वितरण गरिएको नगर शिक्षा अधिकृत विकल काफ्ले बताउँछन् ।

कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई प्रतिव्यक्ति आठ हजार, ६ देखि ८ सम्म १० हजार, ९ देखि १२ सम्म १२ हजार रूपैयाँ, सोभन्दा माथिल्लो वा प्राविधिक धारतर्फ अध्ययन गर्नेलाई ३० हजार रूपैयाँसम्म छात्रवृत्ति वितरण गरिएको छ । क्याम्पस भर्ना शुल्कका लागि प्राविधिक धार र जेहेन्दारको लाग्ने खर्चका आधारमा रकम वितरण गरिएको नगरपालिकाले जनाएको छ । आव २०७८/७९ मा नगरपालिकाले पाँच लाख ६५ हजार ६४० रूपैयाँ रकमबाट प्राविधि धारतर्फका रामतुलसी नमूना माविका सात र दरैठाँटी माविका चार, गंगा माविका दुईजना गरी १३ जना, क्याम्पसतर्फ सहिद बहुमुखी क्याम्पसका २७ विद्यार्थीलाई छात्रवृत्ति रकम प्रदान गरेको थियो । यस्तै आव २०७७/७८ मा 'मेयर छात्रवृत्ति कोष' अन्तर्गत नगरपालिकाले पहिलो वर्ष पाँच लाख रूपैयाँ रकम विनियोजन गरेकामा दुई लाख २४ हजार १८० रूपैयाँ रकम बराबरको छात्रवृत्ति प्रदान गरियो । त्यसअन्तर्गत रामतुलसी नमूना मावि, गंगा मावि, सहिद बहुमुखी क्याम्पस, नवदुर्गा मावि, कृष्णादेवी मावि, दरैठाँटी माविका विद्यार्थीलाई छात्रवृत्ति रकम वितरण गरिएको छ ।

नगरप्रमुख रमणबहादुर थापाले साना कक्षादेखि ठूला कक्षामा पढ्ने विद्यार्थीलाई उनीहरूको पारिवारिक अवस्था हेरेर सबै वर्ग, क्षेत्र मिलाएर छनोट गरेर छात्रवृत्ति वितरण गरिएको बताए । गत वर्षमा विद्यालय तथा क्याम्पसको खातामा रकम पठाएर छात्रवृत्ति वितरण गरिन्थ्यो भने यस वर्षदेखि भने नगरपालिका कार्यालयमा नै विद्यार्थी, सम्बन्धित विद्यालय, अभिभावक बोलाएर वितरण गरिएको नगरप्रमुख थापाले बताए ।

'पढ्न नसकेर समस्यामा परेका न्यून आय भएका विपन्न परिवारका सदस्यलाई नगर सरकारले 'मेयर छात्रवृत्ति कोष' खडा गरेर छात्रवृत्तिका रूपमा वितरण गरिरहेको छ,' उनले भने, 'बाहिरबाट आउने र स्थानीय विद्यार्थीमा शैक्षिक सहयोगमा भेदभाव छैन, सबैलाई समानरूपमा उनीहरूको अवस्था हेरेर रामपुरभित्र बसोबास गरेर अध्ययन गर्ने विद्यार्थीलाई सहयोग दिइरहेका छौं ।'

आगामी आवका लागि 'मेयर छात्रवृत्ति कोष'अन्तर्गत नगरपालिकाले १० लाख रूपैयाँ विनियोजन गरेको छ । कार्यक्रम सञ्चालन भएको तीन वर्षको अवधिमा हालसम्म १५ लाख रूपैयाँ बराबरको रकम छात्रवृत्ति विद्यार्थीलाई वितरण गरिएको छ । यस कार्यक्रमले विद्यार्थीको पठनपाठनमा ठूलो टेवा पुगेको शिक्षकहरू बताउँछन् । *रासस*


**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**यातायात व्यवस्था सेवा कार्यालय**
**चौरजहारी रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल**

**स्वास्थ्य परीक्षण सम्वन्धीप्रस्ताव पेश गर्ने बारे सूचना**

**(प्रथम पटक प्रकाशित मितिः२०८०/०३/२४ गते)**

यस कार्यालयबाट सवारी चालक अनुमतिपत्र नयाँ जारी तथा नविकरण गर्दा निरोगिताको परीक्षण गर्ने ब्यवस्था भए बमोजिम नेपाल सरकारद्धारा मान्यता प्राप्त चिकित्सकवाट स्वास्थ्य परीक्षण गर्नुपर्ने भएकोले नेपाल सराकारद्धारा मान्यताप्राप्त चिकित्सकहरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. स्वास्थ्य परीक्षण कार्य यस कार्यालयले तोकेको स्थानमा रहि गर्नुपर्नेछ ।
२. स्वास्थ्य परीक्षण गर्ने चिकित्सक सार्वजिक विदाको दिन बाहेक कार्यालय खुल्ने दिन विहान १० बजे देखि वेलुका कार्यालय समयसम्म उपस्थित हुनुपर्नेछ र कार्यालयमा कामको चाप भएमा कार्यालय समय भन्दा अतिरिक्त समयमा पनि सेवा दिनु पर्नेछ ।
३. स्वास्थ्य परिक्षण गरेवापत प्रति सेवाग्राहीसँग के कति दररेटमा सेवा शुल्क लिने हो सो को ब्यहोरा कार्यालयबाट उपलब्ध गराइएको प्रस्ताव फाराममा अंक र अक्षरमा प्रष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरबीच फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा प्रस्तावदाताको दस्तखत भएको हुनु पर्नेछ ।
४. स्वास्थ्य परीक्षणका लागि अधिकतम शुल्क रु ३०० (अक्षररूपी रु तिनसय मात्र ) भन्दा बदी प्रस्ताव गर्न पाइने छैन ।
५. स्वास्थ्य परीक्षणका लागि आवश्यक हुने जनशक्तिको विवरण खुलाई प्रस्ताव पेश गर्नुपर्नेछ ।
६. प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, फर्म दर्ता नविकरणको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मु.अ.क. दर्ता प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिल दर्ता प्रमाण पत्र (नविकरण सहित) आ.व.२०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित रु १०/- को टिकट टाँसी निवेदन दिई रु. १०००/अक्षेरूपी एकहजारमात्र (पछि फिर्ता नहुनेगरि ) श्री प्रदेश लेखा इकाई, रुकुम पश्चिमको नाममा नेपाल बैंक लिमिटेड रुकुम पश्चिममा रहेको खाता नं.२७५०२००००१००१००००१, राजश्व शिर्षक नं. १४२२९ मा राजश्व दस्तुर जम्मा गरेको भौचर पेशगरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
७. खरिद भएको प्रस्ताव प्रष्टसँग भरी प्रस्तावदाताले प्रत्येक पानामा सहीछाप गरी लाहाछाँप सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको विवरण प्रष्टसँग लेखि यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिउँसो १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका प्रस्तावहरू सोही दिन दिउँसो २:०० वजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
८. प्रस्ताव खरिद, दाखिला र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य विदाको लगतै कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।
९. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखिएको शिलबन्दी प्रस्ताव उपर कुनै कारवाही गरिने छैन
१०. सिलबन्दी प्रस्ताव साथ जमानत वापत रु २०,०००/- (अक्षेरूपी विसहजारमात्र) श्री प्रदेश लेखा इकाई, नाममा नेपाल बैंक लिमिटेड रुकुम(पश्चिम) रहेको खाता नं.०७७०२००००००२००३००००००१, कार्यालय कोड नं. ३३७०२५९०१६ उल्लेख गरि राजश्व दस्तुर जम्मा गरेको संकलै भौचर पेशगरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
११. सूचनामा उल्लेख नभएको कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद निमावली, २०६४ बमोजिम हुनेछ ।

**आनन्द चपाई**
**कार्यालय प्रमुख**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०३/२४**

यस कम्पनीको मिति २०७९/०४/०४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वाइड रेन्ज एच.आर. प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **डेष्टिनी एच.आर. ग्रुप प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०४/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **डेष्टिनी एच.आर. ग्रुप प्रा.लि.** (इ.प.नं.१५५२/०७९/०८०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०८/२० मा दर्ता भएको **प्रा.लि. नं. १५९६०९** को **सोनु डेन्टल केयर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# प्रभाव दैनिक

रूपशाला


## कार्यक्रमको ठीक अघि मृत भेटिइन कोरियन गायिका

दक्षिण कोरियाकी सोपरानो गायिका ली साङ यून एक कार्यक्रममा प्रस्तुति दिनअघि मृत फेला परेकी छन् । आफ्नो प्रस्तुति अघि उनी महिला शौचालयमा मृत फेला परेकी हुन् । सञ्चारमाध्यमका अनुसार कार्यक्रमका एक सदस्यले साङको शव फेला परेका थिए । त्यसपछि उनले तत्कालै प्रहरीलाई खबर गरेका थिए । प्रहरीले यसबारे अनुसन्धान गरिरहेको छ । साङ गत ६ जुलाईमा एक कार्यक्रममा प्रस्तुति दिन लागेकी थिइन् । त्यसका लागि उनी ब्याक स्टेज थिइन् र बाहिर दर्शक उनको प्रतीक्षामा थिए । तर, प्रस्तुतिको ठिक अघि उनी एकाएक गायब भइन् । लामो समयसम्म पनि उनी स्टेजमा नआएपछि कार्यक्रममा सदस्यहरूले उनको खोजी सुरू गरेका थिए ।




आइतबार, २४ असार २०८० (Sunday, July 09, 2023)


# चेक रिपब्लिकमा ‘गुराँस’ प्रिमियर

■ प्रभाव संवाददाता




**काठमाडौं–** चेक रिपब्लिकमा चलिरहेको दि कार्लोभी भारी इन्टरनेसनल फिल्म फेस्टिभलमा फिल्म ‘गुराँस’ प्रिमियर भएको छ । प्रिमिएरमा दर्शकबाट फिल्मले तारिफ पाएको छ । फिल्म लिएर चेक पुगेका निर्देशक सौरभ राईले फिल्म हेर्ने दर्शक हाउसफुल रहेको र फिल्म हेर्न दर्शकले चलचित्र रुचाएको बताएका छन् ।

फिल्म चेकको समयअनुसार बुधबार ४ बजे स्क्रिनिङ भएको थियो । यही फिल्मको वर्ल्ड प्रिमियरमा सहभागी हुन मेनुका प्रधान पनि चेक पुगेकी थिइन् । उनले अन्तर्राष्ट्रिय फेस्टिभलमा आफ्नो यो पहिलो अनुभव हुने बताउँदै फेस्टिभलमा धेरैभन्दा धेरै फिल्म हेर्ने योजना रहेको बताएकी थिइन् ।

हराएको कुकुरको खोजीमा निस्किएकी १० वर्षीय बालिकाको आँखाबाट वाचन गरिएको फिल्मले दार्जिलिङको बदलिँदो आर्थिक र सामाजिक सम्बन्धको कथा प्रस्तुत गर्छ । दुई पुस्ताका चरित्रमार्फत् छोरी र आमाबुबाको फरक फरक चिन्तालाई पनि उजागर गर्ने कोशिस फिल्ममा भएको छ । ‘गुराँस’ लाई लोआइक्यू प्रडक्सनसँगै रामकृष्ण पोखरेल र सञ्जय गुलाटीले निर्माण गरेका हुन् । फिल्ममा तुलसी खवासले ‘गुराँस’ को रूपमा शीर्ष भूमिका निर्वाह गरेकी छन् । फिल्ममा खगेन्द्र लामिछानेको पनि अभिनय रहेको छ ।

# ‘आदिपुरुष’का लेखकले मागे माफी

■ एजेन्सी




**काठमाडौं–** विवादास्पद हिन्दी चलचित्र ‘आदिपुरुष’का लेखक मनोज मुन्ताशिर शुक्लाले माफी मागेका छन् । चलचित्र हिन्दु धर्मका बारेमा गलत प्रचार गरेको र रामायणका पात्रहरूलाई गलत रूपमा देखाएको भन्दै आलोचना भएपछि शुक्लाले माफी मागेका हुन् ।

शनिबार बिहान ट्विट गर्दै मनोजले भनेका छन्, ‘म बिना शर्त माफी माग्छु । आदिपुरुष फिल्मले जनताको भावनामा चोट पुर्‍याएको म स्वीकार गर्छु । मेरा सबै दाजुभाइ दिदीबहिनी, ज्येष्ठ नागरिक, आदरणीय ऋषि मुनीहरू तथा श्री रामका भक्तजनहरूमा हात जोडेर निःशर्त माफी चाहन्छु। भगवान् बजरङ्ग बालीले हामी सबैको कल्याण गरून्, हामीलाई एक र अटुट रहन र हाम्रो पवित्र शाश्वत र महान् देशको सेवा गर्ने शक्ति दिनुहोस्! चलचित्र आदिपुरुषको संवादलाई लिएर विवाद भएपछि मनोज मुन्तासिरले आफ्नो लेखनको बचाउ गर्दै आएका थिए । प्रदर्शन लगत्तै चलचित्र विवादमा आएपछि व्यापारमा प्रत्यक्ष असर परेको थियो ।

# नेपाल-अफ्रिका फिल्म फेस्टिबल सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** शनिबार बिहानबाट जमल स्थित नाचघरमा अन्तराष्ट्रिय ‘११ औं नेपाल अफ्रिका फिल्म फेस्टिबल-२०२३’ सुरु भएको छ । चलचित्र विकाश बोर्डका अध्यक्ष भुवन केसी तथा विभिन्न चलचित्रकर्मीले महोत्सबको ‘बुकलेट’ बिमोचन गर्दै महोत्सब सुरु गरेका हुन् ।

सोमबार २५ असार बेलुकासम्म चल्ने यो महोत्सबमा यसपटक १० वटा अफ्रिकी चलचित्र र नेपालका १२ गरी कुल २२ चलचित्र छन् । जसमा अफ्रिकाको ३ वटा बृत्तचित्र, एउटा फिचर फिल्म र ६ वर्ट सर्ट फिल्म रहेका छन् । १० वटा अफ्रिकी चलचित्र मध्य फिचर फिल्म तर्फ मोजाम्बियाको फिचर फिल्म ट्रेन अफ द साल्ट एन्ड सुगर छानिएको छ । यस्तै सर्ट फिल्म तर्फ रुवान्डा र स्विजरल्यान्डको सर्ट फिल्म आई गट आई थिङ एन्ड लेफ्ट, इजिप्टको सर्ट फिल्म द बिल्डर, साउथ अफ्रिकाको सर्ट फिल्म ह्याङ म्यान, फ्रान्सको सर्ट फिल्म शान्ता क्लज डार्क साईड, घानाको सर्ट फिल्म या, केन्या र जर्मनको सर्ट फिल्म वाटु वाटो छानिएको छ । महोत्सबमा बृत्तचित्र अन्तर्गत जिम्मावेको बृत्तचित्र कलिङ द डेड, युगान्डाको बृत्तचित्र समबडी क्लाप फर मी र केन्याको बृत्तचित्र थ्याँक्यु फर द रेन रहेका छ ।

महोत्सबमा नेपालबाट चारवटा फिचर फिल्म, तीन वटा सर्ट फिल्म, तीन वटा स्टुडेन्ट फिल्म र दुई वटा बृत्तचित्र प्रदर्शनका लागि छानिएका छन् । फेस्टिबलका लागि छानिएको फिचर फिल्ममा दिनेश राउत निर्देशित प्रकाश, परिच्छेद सेन निर्देशित प्रेमगञ्ज, शम्भु थापा निर्देशित हुक्का र रोशन कुमार श्रेष्ठ निर्देशित भाग्य रहेका छन् ।यो फेस्टिबललाई छानिएको सर्ट फिल्ममा डब्बु क्षत्री निर्देशित परिवर्तन, सुमन दाहाल निर्देशित परिवार, प्रधुम्न मिश्र निर्देशित दुविधा रहेका छन् । स्टुडेन्ट समुहको सर्ट फिल्म प्रतिस्पर्धामा सुन्दर योञ्जन निर्देशित ऐजेरु, सामल कुमार बज्राचार्य निर्देशित हावाम्यान र अम्बिका भण्डारी निर्देशित कलुवा रहेको छ । यस्तै बृत्तचित्र तर्फ रोशनी केसी निर्देशित समर्पण र भिमलाल श्रेष्ठ निर्देशित फेरी रहेका छन् ।

नेपाली चलचित्र क्षेत्रमा विभिन्न योगदान पुर्‍याएका १० श्रष्टालाई उद्घाटन समारोहमा सम्मानित गरियो । सम्मानित हुनेमा चलचित्र तथा भिडियो निर्देशक उमेश गुरुङ, नमित चन्द ठकुरी, चलचित्र निर्माता राजकुमार पण्डित, अभिनेता सँजय खतिवडा, चलचित्र पत्रकारद्धय विष्णुप्रसाद सुवेदी र सविता पोखरेल, अन्तराष्ट्रिय लोकेशन तथा प्रोडक्सन म्यानेजर प्रकाश हमाल, इभेन्ट फोटोग्राफर बद्री थापा, मोडल कलाकार सचिन अधिकारी र मेकअप आर्टिष्ट चन्दा पुन रहेका छन् ।

शनिबार महोत्सबमा उद्घाटनका क्रममा जर्मनी निर्माताको फिल्म ‘वाटु वाटो’ प्रदर्शन गरियो । यो फिल्म प्रदर्शन समारोहमा जर्मनी दुताबासका प्रतिनिधिको पनि सहभागिता थियो । ओस्कार अवार्डको लागि यस अघि अफ्रिकाबाट सर्ट फिल्मको सूचीमा उत्कृष्ट पाँचमा यो सिनेमा चयन भएको थियो । महोत्सबमा शनिबार नै रोशन कुमार श्रेष्ठको चलचित्र भाग्य, परिच्क्षेद सेनको चलचित्र प्रेमगञ्ज, सुमन दाहालको चलचित्र परिवार र अफ्रिकन बृत्तचित्र ‘कलिङ अफ डेड’ प्रदर्शन गरियो ।

यो फेस्टिबलमा आईतबार दिउँसो १२:३० बाट २ बजेसम्म ‘नेपाली सर्ट फिल्मको अन्तराष्ट्रिय बजार खोजी’ बिषयमा बहस हुँदैछ । यो बसहलाई फेस्टिबल कोअर्डिनेटर चिरञ्जिभी गुरागाईंले सँयोजन गर्नेछन् । बहसमा चलचित्र विकाश बोर्ड सदस्य राजु केसी, चलचित्र निर्देशक पत्रकार गणेश पाण्डे, निर्देशक मनोज पण्डित र चलचित्र निर्माता सुसान्त श्रेष्ठसँग पत्रकार विष्णु सुवेदीले बहस गर्नेछन् ।

यस्तै कलाकार बीरेन्द्र हमालले भोली आईतबार बिहान ७:३० बजेबाट दिउँसो २ बजेसम्म रियल्सल हलमा छुट्टै ‘एक्टिङ वर्कसप’ गर्दैछन् । उनले ‘बडी ल्याँग्वेज, फेसियल एक्सप्रेसन र माईम एक्ट’को प्रशिक्षण दिने बताए । कलेज अफ जर्नालिजम एन्ड मास कम्युनिकेशनको आयोजना र चलचित्र विकाश बोर्ड एवम् विलक्षण क्रियसनको सह आयोजनामा यो महोत्सब भईरहेको छ ।

शनिबार लचित्र विकाश बोर्डका अध्यक्ष भुवन केसीले महोत्सब उद्घाटन गर्दै नेपाललाई अफ्रिकन मुलुकमा र अफ्रिकालाई नेपालमा चिनाउन यो महोत्सबले पुलको काम गरिरहेको छ भने । महोत्सबलाई बोर्डले आगामी दिनमा अझ राम्रो सहयोग गर्ने उनले बताए ।

आयोजक तथा फेस्टिबल अध्यक्ष/डिरेक्टर डा. मञ्जु मिश्रले आर्थिक अभावका कारण यसपटक अफ्रिकाबाट नेपालमा सिनेकर्मी ल्याउन गाह्रो भएको बताईन् । १३ वर्षअघि धेरै पटक दिल्ली धाएर अनुमति पाएपछि आफुले यो महोत्सब गर्दै आएको उनले जनाईन् । महोत्सबलाई राज्यले सहयोग गर्ने पनि कथन उनको थियो ।

निर्माता संघका अध्यक्ष नवल खड्काले यस्ता महोत्सबले सिनेमा संस्कृति आदनप्रदानसँगै सिनेमा सिकाउने हुँदा सरकारले महोत्सबलाई आर्थिक सहयोग गर्नुपर्छ भने । नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले महोत्सबमा सिनेमा हेर्न र गोष्ठीमा भाग लिन आउन सिनेकर्मी तथा सिनेप्रेमीलाई आह्वान गरे । यस्तै चलचित्र पत्रकार संघका अध्यक्ष समीर बलामी, प्राविधिक संघका अध्यक्ष पुष्कर लामालगायतले पनि महोत्सबको सफलताको शुभकामना दिए ।

महोत्सबमा सहभागी सिनेमा मध्य उत्कृष्ट सिनेमाहरूलाई अवार्ड प्रदान गर्दै २५ असार सोमबार साँझ ५ बजे यो महोत्सब सकिने महोत्सबका म्यानेजर डब्बु क्षत्रीले उद्घाटन समारोहमा बताए ।

## रंगशाला

प्रधानमन्त्री कप भलिबल

# उपप्रधानमन्त्री श्रेष्ठले गरे उद्घाटन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल भलिबल संघको आयोजनमा राजधानीमा शनिबारबाट सातौं प्रधानमन्त्री कप एन.भि.ए. महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिग २०८० सुरु भएको छ ।

लिगको उप-प्रधान तथा गृह मन्त्री नारायण काजी श्रेष्ठले एक कार्यक्रमकाविच लिगको उद्घाटन गरे । श्रेष्ठले अन्तराष्ट्रिय रेफ्री गौतम प्रसाद लासिवालाई बल हस्तान्तरण गरेर लिगको उद्घाटन गरेका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथी उप-प्रधान तथा गृहमन्त्री नारायण काजी श्रेष्ठले हालका प्रधानमन्त्रीको कार्यकालमा भएको भलिबललाई राष्ट्रिय खेलको रूपमा गरेको घोषणालाई खेलाडी तथा नेपाल भलिबल संघले औचित्य पुष्टी गर्दै राष्ट्रिय गौरवमा अभिबृद्धि गरेको बताए ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा भलिबलको बिकास र विस्तार गर्न संघले गरेको कार्य प्रशंसनिय रहेको भन्दै सरकारले युवा तथा खेलकुदलाइ महत्त्व दिँदै आएको बताए । पछिल्लो समय खेलकुद क्षेत्रले राज्यको शिर उच्च पार्ने कार्यका लागि राष्ट्रिय खेलकुद परिषद्, खेलाडी तथा राष्ट्रिय संघहरूलाई धन्यवाद प्रदान गरे ।

सरकारले चालेको भ्रष्टाचार विरुद्धको अभियानमा सवैको सहयोगको लागी अपिल गर्दै प्रतियोगिताको सफलताको शुभकमाना सहित नेपाल सरकारले भलिबल खेलको विकास र विस्तारका क्रममा अन्तराष्ट्रिय कभर्डहल र सातै विकास क्षेत्रमा प्रादेशिक कभर्डहल निर्माणमा सहयोग गर्ने र नेपाल भलिबल संघले भलिबल खेलको विकासमा लिएको सवै अभियानमा सरकारको साथ रहेने बताए ।

उपाध्यक्ष शिव कोईरालाले प्रतियोगितामा उप-प्रधान तथा गृहमन्त्रीको उपस्थितीले उहाँले राज्यलाई सुशासनको दिशामा अग्रसर गरेको कार्यको प्रशंसा गर्दै खेलकुद क्षेत्रमा पनि भ्रष्टाचारको जालो छ भने त्यसलाई तोड्न आवश्यक रहेको बताए । प्रचन्डको नेतृत्वमा रहेको सरकारले राष्ट्रिय खेलको रूपमा भलिबललाई घोषणा गरेको कार्यलाई नेपाल भलिबल संघले पुष्टी गरेको भन्दै प्रतियोगिताको सफलताको लागि शुभकामना ब्यक्त गरे ।

एक पछि अर्को प्रतियोगिता आयोजना गरेर नेपाल भलिबल संघले जुन साहसीक कार्य गरेको छ त्यसले नेपाली खेल क्षेत्रमा एक अब्बल खेल संघको रूपमा आफुलाई उभ्याएको छ । संघले आगामी दिनमा एकेडेमीको स्थापना गरि अब्बल खेलाडीहरू उत्पादन गर्नेमा आफु बिश्वस्त भएको भन्दै सदस्य सचिव घिसिङ्गले आगामी १९ औं एशियाली खेलमा पनि महिला र पुरुष दुवै टोलीले उत्कृट प्रदर्शन गर्दै परिणाममुखी नतिजा प्राप्त गर्न हार्दिक शुभकामना प्रदान गरे । सदस्य सचिवले उप-प्रधान तथा गृहमन्त्रीले राज्यमा चालेको अभियानबाट आफुलाई उर्जा प्राप्त भएको भन्दै खेलकुदले पनि उक्त अभियानमा साथ दिने बताए ।

### पुलिसको संघर्षपूर्ण जित

पहिलो दिन नेपाल पुलिसले पुरुष तर्फको खेलमा संघर्षपूर्ण जित निकाल्दै गण्डकी प्रदेश भलिबल क्लबसँग अंक बाढ्न बाध्य भएको छ । शनिबार पहिलो दिनको खेलमा पुलिसले बिदेशी खेलाडीले सज्जित गण्डकीलाई ३-२ सेटमा पराजित गरेको हो । पहिलो र दोश्रो सेट २५-२१, २५-१६ ले जितेको पुलिसले तेश्रो सेट १३-२५ ले गण्डकीलाई सुम्पन पुग्यो । चौथो सेटमा ६ अंकको अग्रता लिंदै जितको नजिक पुगेको पुलिसले आफुलाई सम्हाल्न नसक्दा २४-२६ ले गण्डकीलाई सेट सुम्प्यो । अन्तिम तथा निर्णाक खेलमा १५-१० ले जित हात पार्दै पुलिसले गण्डकी संग अंक बाढ्न बाध्य भयो । पुलिसको यस खेल पश्चात २ अंक र गण्डकीको १ अंक भएको छ ।

शनिबार नै भएको पुरुष तर्फको पहिलो खेलमा नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले सैलुङ्ग बाघढुङ्गा स्पोर्टस् क्लबलाई २५-८, २५-१३, २५-१७ को सहज जितका साथ महत्त्वपूर्ण ३ अंक बटुल्न सफल भयो ।

नेपाल भलिबल संघको आयोजनमा भएको लिगको अर्को खेलमा एपिएफ क्लबले जित हात पार्‍यो । एपिएफले दावाँली मिलन क्लबलाई २५-२२, २५-१३, २५-२३ ले पराजित गरेको हो । यसका साथै एपिएफको ३ अंक भएको छ ।

आजै भएको महिलाको खेलमा पुलिसक्लबले गण्डकी माथी जित हात पार्‍यो । पुलिसले गण्डकीलाई २५-१०, २५-१०, २५-११ को सहजै पराजित गरेको हो । यसका साथै पुलिसले ३ आफ्नो खातामा ३ अंक जोड्यो ।

यस प्रतियोगितामा जित हात पार्ने टिमले आगामी डिसेम्बरमा नेपालमा आयोजना हुने काभा क्लब लिग च्याम्पियनसिपमा प्रतिस्र्धा गर्नेछ ।

अनुमानित ७५ लाख खर्च हुने लिगमा महिला तथा पुरुष तर्फ प्रथम, द्बितीय, तृतीय र चतुर्थ स्थान प्राप्त गर्ने टिमहरूले क्रमशः ६ लाख, ३ लाख, १ लाख ५० हजार र ७५ हजार प्राप्त गर्ने छन् । त्यस्तै उक्त प्रतियोगितामा पुरुष तथा महिला तर्फ सर्वोत्कृष्ट खेलाडीले रु. ३५/३५ हजार, उत्कृष्ट सर्भर, सेटर, ब्लकर, स्पाईकर, लिवेरो र प्रशिक्षकले जनही रु. १५/१५ हजार प्राप्त गर्ने छन् ।

लिगमा गत माघ महिनामा सम्पन्न क्लब च्याम्पियनसिपबाट छनौट भएका पुरुष तर्फ टिपटप हेल्प नेपाल स्पोर्टस् क्लब, त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको ए.पि.एफ. क्लब, नेपाल प्रहरी, दावाँली मिलन क्लब - काठमाण्डौ, गण्डकी प्रदेश भलिबल संघ, शैलुङ्ग बाघढुङ्गा स्पोर्टस् क्लब - रामेछाप गरि ७ क्लबहरू र महिला तर्फ नेपाल प्रहरी, होङ्गवाङ्गजी न्यू डायमन्ड युथ स्पोर्टस् क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, एभरेष्ट भलिबल क्लब - बुटवल र गण्डकी प्रदेश भलिबल संघ गरी ६ टिमहरूको सहभागिता रहेको छ ।

आइतबारको पहिलो प्रतियोगिता बिहान ८ : ०० बजे सुरु हुने छ ।

# एसियन च्याम्पियनसिपमा ७ खेलाडीले प्रतिस्पर्धा गर्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** थाईल्याण्डको बैंककमा हुने २५ औं एसियन एथलेटिक्स च्याम्पियनसिपमा नेपालका ७ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

जुलाई १० देखि १७ गतेसम्म हुने प्रतियोगितामा नेपालकातर्फबाट दिपक अधिकारी, मुकेश पाल, सोमबहादुर कुमाल, शिवराज पार्की, राजपुरा पछाई, फुलमती राना, आयुष कुँवरले प्रतिस्पर्धा गर्ने भएका हुन् ।

नेपाल एथलेटिक्स संघले चीनमा हुने एसियन गेम्स प्रतियोगितामा छनोट भएका ७ खेलाडीलाई एसियन च्याम्पियनसिपमा पठाउन लागेको हो । एसियन गेम्सको पूर्व तयारी स्वरूप एसियन च्याम्पियनसिपको आयोजना गरिएको हो ।

एसियन च्याम्पियनसिपमा दिपक अधिकारीले ५ हजार र १० हजार मिटर, मुकेश पालले ५ हजार र १५ सय मिटर, सोमबहादुर कुमालले ४ सय र ८ सय मिटरमा प्रतिस्पर्धा गर्नेछन् ।

यस्तै, शिवराज पार्कीले सय र दुई सय मिटर, राजपुरा पछाईले ५ हजार मिटर, फुलमती रानाले ८ सय र १५ सय मिटर, आशुय कुँवरले सय र दुई सय मिटरमा प्रतिस्पर्धा गर्ने मुख्य प्रशिक्षक चन्द्रबहादुर गुरुङले जानकारी दिए ।

राखेप सदस्य सचिव टंकलाल घिसिङले एसियन च्याम्पियनसिप खेल्ने खेलाडीलाई शनिबार एक कार्यक्रमका बीच बिदाई गरे । उनले एसियन गेम्सको तयारीको रूपमा रहेको प्रतियोगितामा राम्रो प्रर्दशनको शुभकामना दिएका थिए ।

# करातेका रेगन र सुचित्रा सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं–** मानसिंह डोजोले १५ औं कोरिया ओपन कराँते च्याम्पियनसिपमा स्वर्ण जित्न सफल आफ्ना खेलाडीलाई सम्मान गरेको छ । रेगन घले र सुचित्रा गुरुङ सम्मानित भएका हुन् ।

दक्षिण कोरियाको बुसानमा जुलाइ १ देखि २ तारिखसम्म भएको प्रतियोगिताअन्तर्गत पुरुष १०-११ वर्षमा रेगन तथा महिला ८-९ वर्षको एकल काता र कुमुतेमा सुचित्राले स्वर्ण जितेका थिए । कोरिया ओपनमा टोलीको नेतृत्व गरेका मानसिंह डोजोका प्रमुख एवं अन्तर्राष्ट्रिय निर्णायक महेश महर्जन पनि सम्मानित भए । सोही अवसरमा युएस ओपन कराते च्याम्पियनसिपको सिनियर पुरुष एकल कातामा स्वर्ण जितेका सुमन तिमिल्सनालाई पनि सम्मान गरिएको थियो ।

उनीहरूलाई तार्केश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जन र नेपाल कराते महासंघका सदस्य शशिकुमार तितुङले एक कार्यक्रमबीच सम्मान गरे ।

मेयर महर्जनले अन्तर्राष्ट्रिय प्रतियोगितामा मानसिंह डोजोका खेलाडीले पदक जितेर नगरको मात्र नभइ सिंगो देशको प्रतिष्ठा अभिबृद्धि गरेकोमा खुशी व्यक्त गर्दै मानसिंह डोजोले खेलाडी उत्पादनमा महत्त्वपूर्ण योगदान गरिरहेको धारणा व्यक्त गरे ।

सोही कार्यक्रममा मलेसियाको मेलाकामा जुलाइ २१-२३ तारिखसम्म हुने एकेएफ सिनियर कराते च्याम्पियनसिपमा भाग लिने खेलाडी मिनबहादुर तामाङ र एलिना विकलाई पनि बिदाइ गरिएको थियो ।



**फोटो प्रदर्शनी |** लेबनानको बेरुतमा 'भिलेजेज विदाउट बोर्डस्' अर्थात् 'सीमाविहीन गाउँहरू' शीर्षकमा भएको फोटो प्रदर्शनी अवलोकन गर्दै एक महिला । *तस्बिरः सिन्ह्वा*

# 'आपसी चासोका विषयमा सोझै संवाद गरौं'

**बेइजिङ–** अमेरिकाले चीनलाई आपसी चासोका विषयमा सोझै संवाद गर्न सुझाएको छ । चीन भ्रमणमा रहेका अमेरिकी अर्थमन्त्री जेनेट येलेनले शनिबार चिनियाँ उपप्रधानमन्त्री हे लाइफङसँगको भेटमा त्यस्तो प्रस्ताव गरेकी हुन् ।

'वासिङ्टन र बेइजिङले एकअर्काको विशेष आर्थिक अभ्यासबारे चासो भए सोझै संवाद गर्नुपर्छ । हालैको तनावका बाबजुद हामीले सन् २०२२ मा द्विपक्षीय व्यापारमा कीर्तिमान कायम गरेको तथ्यले पारस्परिक व्यापार र लगानीमा संलग्न हुने पर्याप्त स्थान रहेको स्पष्ट हुन्छ,' अमेरिकी अर्थमन्त्रीले विश्वका दुई ठूला अर्थतन्त्रबीचको सहकार्यमा जोड दिँदै चिनियाँ उपप्रधानमन्त्रीलाई भनेकी छन् ।

चीनको चारदिने भ्रमणमा रहेकी अमेरिकी अर्थमन्त्रीले दुई देशबीचका तनावलाई मत्थर गर्ने वासिङ्टनको चाहना व्यक्त गर्दै आपसी साझेदारी बढाउने प्रयास गरेकी छन् । चिनियाँ उपप्रधानमन्त्रीले



गत नोभेम्बरमा राष्ट्रपति जो बाइडेन र सी चिनफिङबीच भएको भेटवार्तापछि चीन-अमेरिका सम्बन्ध सुधार गर्ने प्रयासलाई वासिङ्टनले बेवास्ता गरेको र दुई राष्ट्रप्रमुखबीच भएको सहमति कार्यान्वयनमा केही समस्या खडा भएकामा खेद प्रकट गरेका थिए । सामान्य विषयलाई दुई मुलुकबीचको सम्बन्धमा समस्या हुन नहुनेतर्फ चिनियाँ उपप्रधानमन्त्रीले अमेरिकाको ध्यान आकर्षित गरेका थिए । *रासस/एएफपी*

# 'युरोपको शान्तिका लागि नाटो बाधक'

**म्याड्रिड–** निःशस्त्रीकरण र शान्ति स्थापनाका निम्ति लामो सयम योगदान गरेका स्पेनी विद्वत् समूहका विज्ञ पेरे ओर्टेगाले उत्तर एटलान्टिक सन्धि संगठन (नाटो) युरोपको शान्तिका लागि बाधक भएको बताएका छन् ।

सिन्ह्वासँगको विशेष अन्तर्वार्तामा उनले नेटोको निरन्तर अस्तित्वको अर्थ युरोपमा दिगो शान्ति बहालीका निम्ति बाधक भएको बताए । 'इयूको स्थापना अन्तरयुरोपेली द्वन्द्वबाट बच्न भएको हो, इयूका सदस्य राष्ट्रले यो हासिल पनि गरेका छन् तर हामी अमेरिकी सैन्य हस्तक्षेपबाट मुक्त हुन सकेनौं,' युरोपेली देशका विदेश नीतिका कारण संयुक्त राज्य अमेरिका र उसका नाटो सहयोगीको सशस्त्र सैन्य हस्तक्षेपप्रति विमति जनाउँदै उनले भने ।



नाटो संयुक्त राज्य अमेरिका र पश्चिमी पुँजीवादी गुटको सशस्त्र शाखा बनेको, शीतयुद्धको अन्त्यपछि नाटोले आफूखुसी हस्तक्षेप, बमबारी गर्न थालेपछि युद्ध, क्षेत्रीय द्वन्द्व बढेका, निःशस्त्रीकरण र शान्तिसम्बन्धी विषयमा पैरवी गर्ने बार्सिलोनामा मुख्यालय रहेको स्वतन्त्र अनुसन्धान केन्द्रका विज्ञ ओर्टेगा ठोकुवा गर्छन् । शीतयुद्धको अन्त्यपछि नाटोले नयाँ सत्रु खोजिरहेको उनले बताए ।

नेटोले पूर्वसोभियत संघका नेता मिखाइल गोर्बाचेभलाई रुसको सिमाना विस्तार नगर्ने वाचा गरेको तर त्यसलाई उसले पूरा नगरेको आर्टेगाको भनाइ छ । सन् १९९० को दशकदेखि नाटोको पूर्वतर्फ विस्तार र यसले रुसमाथि थपेको दबाबका कारण युक्रेन संकट निम्तिएको उनी बताउँछन् ।

ओर्टेगाका अनुसार विस्तारवादी नीतिको अधिकांश देशले विरोध गरिरहेका छन् । विश्वलाई अझ खतरनाक ठाउँ बनाउनु र टकरावतर्फ अघि बढ्नुको सट्टा साझा सुरक्षाको ग्यारेन्टी गर्ने साझेदारीतर्फ अघि बढ्नुपर्नेमा जोड दिँदै उनले संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायले अवलम्बन गर्नुपर्ने बाटो पनि त्यही भएको तर्क गरेका छन् । *रासस/सिन्ह्वा*

# तीन कार्यकर्ता हत्याको आरोप

**कोलकाता–** तृणमूल कांग्रेसले तीन कार्यकर्ताको हत्या भएको आरोप लगाउँदै पञ्चायत निर्वाचनमा सुरक्षा व्यवस्था गर्न नसकेकामा सरकारको आलोचना गरेको छ । विपक्षी दलले आफ्ना कार्यकर्ता मारेको तृणमूलको आरोप छ ।

शनिबार बिहान मतदान सुरु भएपछि पश्चिम बंगालमा हिंसाका धेरै घटना भएका र हिंसात्मक गतिविधि हुन नदिन राज्य सरकारले विश्वसनीय तयारी नगरेको भन्दै उक्त दलले रोष प्रकट गरेको छ ।

'हाम्रो पार्टीका तीन कार्यकर्ताको रेजीनगर, तुफानगञ्ज र खारग्राममा हत्या गरिएको छ र दुई जना डोमकोलमा बन्दुकको गोलीबाट घाइते भएका छन्,' लामो ट्विटर पोस्टमा टिएमसीका एक जना नेताले भनेका छन् । शुक्रबार राज्यका परगना, वीरभूम, दक्षिण दिनाजपुर र मुर्शिदाबादमा भएका झडपमा चार जना राजनीतिक दलका कार्यकर्ताले ज्यान गुमाएका थिए ।

यसैबीच, एएफपीका अनुसार पश्चिम बंगालको चुनावी अभियानका क्रममा शनिबार भएका राजनीतिक झडपमा सात जनाले ज्यान गुमाएका छन् भने दर्जनौं घाइते भएका छन् । झडपमा सत्तारुढ दल तृणमूल पार्टीका पाँच जना मारिएका प्रहरीले जनाएको छ । राज्यभरका विभिन्न गाउँहरूमा मतदानसम्बन्धी हिंसामा सात जनाको मृत्यु भएको र दर्जनौं घाइते भएका पश्चिम बंगालको प्रहरी बलका अतिरिक्त महानिर्देशक जावेद शमीमले पुष्टि गरेका छन् ।

भारतीय जनता पार्टी (बिजेपी)ले हालैका वर्षमा पश्चिम बंगालमा आफ्नो कब्जा जमाउन कडा परिश्रम गरेको छ । दश करोड ४० लाख जनसंख्या भएको उक्त राज्यमा ग्राम पञ्चायत चुनावमा दुई लाख उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । *रासस/एएनआई*

# भारतको कूटनीतिक चलाखी

**नयाँदिल्ली–** भारतले कूटनीतिक चलाखी एवं सुझबुझका साथ शांघाई सहयोग संगठन (एससिओ)को २३औं शिखर सम्मेलन सफलतापूर्वक सम्पन्न गरेको छ ।

प्रारम्भमा सदस्य देशका राष्ट्र प्रमुखहरूको भौतिक उपस्थितिमा शिखर सम्मेलन आयोजना गर्ने निर्णय गरेर सबै तयारी भइरहेका बेला नयाँदिल्लीले त्यसलाई 'भर्चुअल' ढाँचामा ढाल्ने अप्रत्याशित घोषणा गऱ्यो । सुरुमा यो निर्णयले केही निराशा निम्त्याएको भए पनि त्यसको कारण थियो- चीन र पाकिस्तानसँगको उसको सम्बन्ध र अमेरिकासँग घनिभूत भएको द्विपक्षीय दोस्तीमा रुसी राष्ट्रपतिलाई भारत निम्त्याएर वासिङ्टनसँगको रणनीतिक साझेदारीमा तुषारापात हुन नदिने । शिखर सम्मेलनमा चिनियाँ नेता सी चिनफिङको भौतिक सहभागिता सुनिश्चित नहुनु नै बैठकलाई भर्चुअल ढाँचामा परिवर्तन गरिएको हुनुपर्छ । चीन, रुस, इरान र बेलारुसका राष्ट्रपति भारत आएर प्रधानमन्त्री नरेन्द्र मोदीसँग काँधमा काँध मिलाएको हेर्न अमेरिकासहितका भारतका रणनीतिक साझेदार युरोपेली देश चाहँदैनन् र त्यसले भारतको पक्षमा सकारात्मक सन्देश प्रवाह गर्दैन भन्ने बुझेर नै अप्रत्यक्षरूपमा सम्मेलन आयोजना गरिएको हो ।

प्रधानमन्त्री मोदीको हालै सम्पन्न अमेरिकाको सफल भ्रमणपछि नकारात्मक सन्देश प्रवाह हुनेगरी अमेरिकाका कट्टर विरोधी नेतालाई भारतमा स्वागत गर्न नहुने कूटनीतिक चलाखी साउथ ब्लकले गरेको हो ।

सन् २०२० को जुनमा भएको गलवान झडपपछि भारत र चीनबीचको 'असामान्य' सम्बन्धलाई ध्यानमा राख्दै राष्ट्रपति सीको भ्रमणलाई उचितरूपमा व्यवस्थापन गर्न भारतीय नेतृत्वलाई असहज हुने थियो भने फेब्रुअरी २०१९ मा पुलवा हमलापछि बिग्रिएको पाकिस्तानसँगको सम्बन्ध त्यसै वर्षको अगस्टमा भारतको संविधानले जम्मुकश्मीरलाई प्रदान गरेको 'विशेष स्थान'को खारेजीले संवादहीनतामा पुऱ्याएको थियो । पाकिस्तानको आदेशमा दुवै देशका उच्चायुक्त फिर्ता भएपछि नयाँदिल्ली र इस्लामावादबीच संवाद भएको छैन यस्तो विषम् परिस्थितिमा



प्रधानमन्त्री शेहबाज शरीफलाई रातो कार्पेटमा स्वागत गर्न मोदीको मन कसरी मान्थ्यो र ?

माथि उल्लिखित नेताहरूको उपस्थितिमा सम्मेलन आयोजना गरिएको भए सम्बन्धित देशसँगका द्विपक्षीय मुद्दालाई नै सञ्चारमाध्यमले उठाउथे जसले वर्षौंपछि भारतले पाएको संगठनको अध्यक्षता र उसले गरेका कामलाई ओझेलमा पार्थ्यो । गत मेमा गोवामा भएको एससिओका विदेशमन्त्रीहरूको बैठकको पुनरावृत्ति हुन नदिने यो प्रसशंनीय चाल थियो ।

भारत-चीन र भारत-पाकिस्तानबीचको प्रतिद्वन्द्वी सम्बन्धले एससिओको कार्यप्रणालीमा नकारात्मक असर पुग्ने अनुमान गरिएको थियो तर त्यसो भएन । अनौपचारिक भेटमा नेताहरूले द्विपक्षीय विषयलाई उठाउन र एकअर्काको आलोचना गर्नसक्ने भए पनि संगठनको विधानअनुसार औपचारिक बैठक र छलफलमा द्विपक्षीय विवाद उठाउन पाइँदैन ।

यही मान्यतालाई आत्मसात गर्दै भारत र पाकिस्तानका प्रधानमन्त्रीले अप्रत्यक्षरूपमा एकअर्कालाई कटाक्ष गरे पनि भारतले प्रस्तुत गरेको कट्टरपन्थीविरुद्ध लड्ने र 'डिजिटाइजेसन'लाई बढावा दिने दुईवटा महत्त्वपूर्ण मुद्दामा कुनै अवरोध भएन । सर्वसम्मतले नयाँदिल्ली घोषणापत्र अनुमोदन भयो ।

संगठनका पुराना हस्ती चीन र रुस, यो वर्ष थपिएको इरान र अर्को वर्ष सदस्य बन्ने पक्का भएको बेलारुसजस्ता देशको उपस्थितिले बृहत् हित र चासोका विश्वव्यापी विषयमा बहस गर्नुको सट्टा पश्चिमा विरोधी अडानलाई संगठनले अपनाउँछ कि भन्ने आशंका भने कायमै छ । यद्यपि, हालसम्मका शिखर सम्मेलनमा त्यस्तो भएको छैन र भविष्यमा पनि हुने सम्भावना छैन । त्यसो किन पनि हुँदैन भने भारतबाहेक संगठनका सदस्य रहेका चारमध्ये एसियाली देशको अमेरिका र युरोपसँग राम्रो सम्बन्ध छ ।

सन् २०२२-२३ का लागि एससिओको अध्यक्ष बनेको भारतले संगठनको उन्नयनका निम्ति नवीन ऊर्जा र दिशा प्रदान गर्दै प्रशंसनीय कार्य गरेको छ । बैठकमा इरान एससिओको पूर्णसदस्य बन्यो भने अर्को वर्ष कजाकस्तानमा हुने शिखर सम्मेलनमा बेलारुस पनि सदस्य बन्नेछ । सन् २०२३-२४ का लागि अध्यक्ष बनेको कजाकिस्तानले भातबाट त्यसलाई हार्दिकताका साथ ग्रहण गरेको छ । प्रधानमन्त्री मोदीको अध्यक्षतामा भएको अप्रत्यक्ष बैठकमा रूस, चीन, कजाकिस्तान, कीर्गिजस्तान, ताजिकिस्तान र उज्वेकिस्तानका राष्ट्रपति साथै पाकिस्तानका प्रधानमन्त्री सहभागी थिए । अतिथिका रूपमा तुर्कमेनिस्तानका राष्ट्रपति, संगठनका पर्यवेक्षकहरू बेलारुस, इरान र मंगोलियाका राष्ट्रपतिको पनि सहभागिता थियो ।

बैठकको प्रारम्भमा वसुधैव कुटुम्बकम् अर्थात् सम्पूर्ण संसार एउटा परिवार हो भन्दै प्रधानमन्त्री मोदीले विश्वशान्ति, विकास र समृद्धिका लागि भारतको दृष्टिकोण, आर्थिक विकास, सम्पर्क सञ्जाल विस्तार, एकता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डता, र वातावरण संरक्षणमा जोड दिँदै संगठनको अध्यक्षको हैसियतमा भारतले गरेका गतिविधिहरूको विस्तृत विवरण प्रस्तुत गरेका थिए ।

आतंकवाद क्षेत्रीय र विश्व शान्तिका लागि ठूलो खतराको रूपमा देखापरेको घोषणा गर्दै भारतका प्रधानमन्त्रीले 'केही देशले सीमापार आतंकवादलाई आफ्नो नीतिको साधनका रूपमा प्रयोग गर्ने, आतंकवादीहरूलाई आश्रय दिने गरेको' बताए भने चीनको नाम नलिई यस्ता गम्भीर विषयमा दोहोरो मापदण्ड अपनाउन नहुनेमा जोड दिए ।

आतंकवाद र लागुपदार्थ तस्करीविरुद्ध लडाइँ, महिला, बालबालिका र अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गर्दै अफगानिस्तानका नागरिकहरूलाई मानवीय सहायता प्रदान गर्न एससिओ सदस्यलाई सहकार्य गर्न उनले आह्वान गरे । *रासस/एएनआई*


**HISAN INTERNATIONAL PVT. LTD.**
Maitidevi, Kathmandu. Tel: 015909028

**PRICE LIST** *(Effective from Date 2080/03/22)*

**FRIGOGLASS (CHEST FREEZER)**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 350 Ltr | FH2D 350CT | 48,832.36 |
| 2 | 450 Ltr | FH2D 450CT | 60,767.20 |
| 3 | 560 Ltr | FH2D 560CT | 71,136.35 |

**FRIGOGLASS SHOWCASE**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 4 | 295 Ltr | VG1D 295 | 59,629.05 |
| 5 | 370 Ltr | VG1D 370 | 64,106.53 |
| 6 | 450 Ltr | VG1D 450 | 80,154.50 |
| 7 | 1000 Ltr | VG2D 1000 | 169,707.72 |

*All prices are inclusive of VAT.



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | ११०४०० | १०९८५० | १३७५ |



**हरियाली शंखुफाँट** | धान खेतीले सुन्दर हरियाली देखिएको काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका–१० स्थित शंखु फाँट । *तस्बिरः पेमा लामा/रासस*

# 'आन्तरिक उत्पादनलाई बढावा दिने सरकारको नीति'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा.प्रकाशशरण महतले सरकारले आन्तरिक उत्पादनलाई बढावा दिने नीति लिएको बताएका छन् ।

पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायी सङ्घले शनिबार आयोजना गरेको कार्यक्रममा डा. महतले बढ्दो व्यापारघाटा कम गर्न सरकारले आन्तरिक उत्पादनलाई बढावा दिने नीति लिएको बताएका हुन् ।

उनले सरकारले आन्तरिक उत्पादनलाई बढावा दिने नीति लिएकाले आन्तरिक वस्तुको खपतमा जोड दिन आम उपभोक्तालाई आग्रह गरे । कृषि वस्तुको खपत र रोजगारी सिर्जनाको क्षेत्रमा क्याटरिङ व्यवसायीको महत्त्वपूर्ण



भूमिका रहेको उनको भनाइ थियो ।

अर्थमन्त्री महतले सरकारले कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउने गरी प्रोत्साहनको नीति लिएको बताए । उनले कृषि अनुदान दुरूपयोग हुन नदिन सरकारले आगामी आर्थिक वर्षको बजेटमा उत्पादनको आधारमा अनुदान दिने व्यवस्था गरेको पनि स्मरण गराए ।

अर्थमन्त्री डा महतले बैंक तथा वित्तीय संस्थाले छिट्टै ब्याजदर घटाउने बताए । उनले चर्को ब्याजदर घटाउनका लागि आफूले नेपाल राष्ट्र बैंकलाई भनेको र आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा सो कुरा सम्बोधन भएर आउने विश्वास व्यक्त गरे । उनले कोभिडलगायतका समस्याका कारण मारमा परेका उद्योगी, व्यवसायीलाई बैंकको ब्याजदर घट्ने कुराले ठूलो राहत हुने बताए । अर्थमन्त्री डा महतले सरकारले मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउन चाहेको र सोहीअनुसारको व्यवस्था बजेटमा नै उल्लेख गरिएको उल्लेख गरे ।

# ककनीको पानी हङकङ र मकाउ निर्यात

■ प्रभाव संवाददाता

**काठमाडौं–** ककनीको पानी हङकङ र मकाउ निर्यात गर्न सुरु गरिएको छ । डेढ दशकदेखि 'बोतलबन्द पानी'को व्यापारमा संलग्न चार व्यवसायी मिलेर हङकङ र मकाउमा नेपालबाट पानी निर्यात सुरु गरेका हुन् । गुणस्तर परीक्षणका लागि हवाईमार्गबाट पठाइएको पानीको नमूना स्वीकृति भएपछि कम्पनीले गत जेठदेखि निर्यात सुरु गरेको वेभ नेपाल प्रालिका सञ्चालक विकास खत्रीले बताए ।

हङकङको नियमअनुसार पानीको मापदण्ड पूरा गरी हङकङको एसएल ट्रेडिङ कम्पनीमार्फत कम्पनीले पानी हङकङ निर्यात सुरु गरिएको उनले जानकारी दिए । 'हाल हङकङमा पानीको औसतमा मूल्य प्रतिबोतल रु ९० देखि रु एक सय पर्छ । नेपालबाट निर्यात हुने तुलनात्मकरूपमा पानी सस्तो पर्ने भएकाले हङकङमा नेपाली कम्पनीले प्रतिस्पर्धा गर्नसक्ने विश्वास छ', उनले भने । यद्यपि पानीको प्रोसेसिङदेखि निर्यातसम्मको खर्च जोडेपछि मात्रै पानीको बिक्री मूल्य कति राख्ने भन्ने निर्णय हुने कम्पनीको भनाइ छ ।

'कम्पनी हङकङ र मकाउमा पानी निर्यातका लागि स्वीकृत पाइसकेको छ', उनले भने, 'पहिलो चरणमा एक कन्टेनरमा ११ सय कार्टुन पानी हङकङ निर्यात भइसकेको छ ।' उनका अनुसार तत्कालका लागि हङकङ र मकाउमा मात्रै मासिक १० कन्टेनर बराबरको पानी निर्यात गर्न सकिने सम्भावना छ ।

सामान्यतयाः यहाँबाट ४० दिनमा हङकङमा पानी निर्यात गर्न सकिन्छ । अन्य देशमा पनि माग भएमा मासिक आठदेखि १० कन्टेनर अर्थात् करिब एक लाख लिटर पानी निर्यात गर्न सकिने क्षमता कम्पनीसँग रहेको उनले जानकारी दिए । यद्यपि माग बढेको अवस्थामा क्षमता विस्तार गर्नेसमेत योजना रहेको उनले सुनाए । सञ्चालक खत्रीका अनुसार कम्पनीसँग हाल दैनिक औसतमा एक लाख लिटर पानी फिल्टरिङ र प्याकिङ गर्न सक्ने क्षमता छ ।

## पोखरामा ट्रेकिङ गाइड तालिम सुरु

**पोखरा (प्रस)–** ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेशको आयोजना एवं नेपाल एकेडेमी अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट (नाथम)को प्राविधिक सहकार्यमा पाँचहप्ते ट्रेकिङ गाइड तालिम पोखरामा सुरु भएको छ ।

पदयात्रा पर्यटनलाई व्यवस्थित एवं प्रभावकारी बनाउने उद्देश्यका तालिम सुरु गरिएको हो ।

# नेपालगञ्जको बजेट पारित

**नेपालगञ्ज (प्रस)** – नेपालगञ्ज उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट र नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको छ । आज बसेको नगरसभाको १३औँ अधिवेशनको दोस्रो बैठकमा नगरप्रमुख प्रशान्त विष्टले निर्णयार्थ प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम, बजेट, आर्थिक विधेयक र विनियोजन विधेयक सर्वसम्मत पारित भएको हो ।

यही असार ९ गते बसेको नगरसभाको १३औँ अधिवेशनको पहिलो बैठकमा नगरप्रमुख विष्टले आगामी आव २०८०/८१ को नीति तथा कार्यक्रम र उपप्रमुख कमरुद्दिन राईले रु एक अर्ब ६७ करोड ५६ लाख एक हजार पाँच सय ८७ बराबरको बजेट प्रस्तुत गरेका थिए । उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद रिजालले समग्र नगर विकासका लागि वडा कार्यालयसँगको सहकार्यलाई आत्मसात गर्दै आगामी आवका लागि पनि रु २५ करोड सिलिङ उपलब्ध गराउने व्यवस्था गरेको उपप्रमुख राईले उल्लेख गरेका छन् ।

उपमहानगरपालिकाले आन्तरिक आय रु १८ करोड र राजस्व र अनुदान बचत मौज्दात रु २० करोड हुने अनुमान गरेको छ । कुल आम्दानीको अधिकांश भार केन्द्रीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान भएकाले आन्तरिक राजस्वको दायरा बढाई आन्तरिक स्रोत वृद्धि गर्ने कार्यक्रमलाई अभियानकै रूपमा अघि बढाइने उपप्रमुख राईले बताए । उपमहानगरको नीति तथा कार्यक्रममा विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउने, गुणस्तरीय शिक्षामा जोड, स्थानीय पाठ्यक्रम कार्यान्वयन, निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने, योगमैत्री नगर बनाउने, पाँच वर्षभित्र क्षयरोगमुक्त उपमहानगर घोषणा गर्ने, जमुनाहानाकामा हेल्थडेस्क सञ्चालन गरी सरुवाजन्य रोगको रोकथाम, निगरानी र व्यवस्थापन गर्ने, राँझा विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल बनाउन आवश्यक पहल गर्ने उल्लेख छ ।

होटल व्यवसायीसँगको सहकार्यमा होटल परिसरमा सार्वजनिक शौचालय निर्माणका लागि आवश्यक पहल गर्ने, वर्षात्को समयमा हुने डुबान कम गर्नका लागि नालीको प्रभावकारीरूपमा सरसफाइ तथा व्यवस्थापन गर्ने, नेपालगञ्जको ऐतिहासिक कला, संस्कृति झल्किने गरी वडा नं २० स्थित सुर्खेतरोडमा प्रवेशद्वार स्थापना गर्ने, आफ्नै भवन नभएका वडा कार्यालयको भवन निर्माणकार्यलाई प्राथमिकता दिने, बागेश्वरी मन्दिरलाई थप व्यवस्थित र सौन्दर्यकरण गर्न पूर्वतर्फ बागेश्वरी चिल्ड्रेन पार्क निर्माण गर्ने विषय नीति तथा कार्यक्रममा समेटिएका छन् ।

साथै आगामी दुई वर्षभित्र १५ शय्याको आधार भूत अस्पताल सञ्चालनका लागि प्रदेश तथा सङ्घीय सरकारसँग पहल गर्ने, ६० वर्ष पुगेका स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन एवं सम्मानसहित बिदाइ गरिने, प्लाष्टिकको झोलाको प्रयोगलाई न्यूनीकरण गर्ने, हरित नेपालगञ्ज बनाउन सडकको दायाँबायाँ बिरुवा रोप्ने योजना नीति तथा कार्यक्रममा उल्लेख छ ।

## कर्पोरेट

### कुमारी बैंकको साना तथा मझौला उद्यमी कर्जा

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले ११.११ प्रतिशतको आकर्षक ब्याजदरमा साना तथा मझौला उद्यमी कर्जा योजना ल्याएको छ । यस योजनाले देशको अर्थतन्त्रको मेरुदण्ड मानिने साना तथा मझौला उद्यमीहरूको व्यवसाय विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कुरामा बैंक विश्वस्त छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

अहिलेको आर्थिक अवस्थामा न्यूनतम ब्याजमा बिना झन्झट सहज प्रक्रियाबाट पाउन सकिने यस कर्जाले उद्यमीहरूलाई प्रोत्साहन गर्नका साथै आर्थिक अवस्थालाई सुदृढ पार्न मद्दत गर्नेछ । यस योजनाले साना तथा मझौला उद्यमीहरूको व्यवसाय मार्फत बजारमा स्वदेशी उत्पादनको वृद्धि, स्वरोजगारमा प्रोत्सहानका साथै उत्पादन, रोजगारी, निर्यात वृद्धिमा पनि सहयोग पुग्ने बैंकको विश्वास रहेको छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा, ४९ एक्सटेन्सन काउन्टर, ३०८ ए.टि.एम. तथा ६३ शाखा रहित बैंकिङ्ग ईकाई सहितका सञ्जालहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

### नबिल बैंकको २५६ औं शाखा पुतलीसडकमा

**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेडले आफ्नो २५६ औं बैंकिङ शाखा सञ्चालनमा ल्याएको छ । नेपालको अग्रणी बैंकिङ संस्थाको रूपमा रहेको नबिल बैंकले पुतलीसडकस्थित बन्दीपुर कम्प्लेक्समा नयाँ शाखाको उद्घाटन भएको हो । शिक्षा हबका रूपमा स्थापित नयाँ शाखा शुक्रबारबाटै सञ्चालनमा ल्याएको हो ।

शाखा उद्घाटन नबिल बैंकका निर्देशक अनन्त पौड्याल तथा प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुंगानाले संयुक्त रूपमा रिबन काटी गरेका थिए । उद्घाटन कार्यक्रममा बोल्दै निर्देशक पौड्यालले परामर्श हबका रूपमा परिचित पुतलीसडकमा नबिलको शिक्षा हबले विद्यार्थी, अभिभावक तथा परामर्श केन्द्रहरूलाई उत्तम सेवा दिनेमा विश्वस्त रहेको बताए ।

शैक्षिक कर्जा लगायत चाहिने अरु सम्पुर्ण बैंकिङ सेवा एकै ठाउँबाट दिने उद्देश्यका साथ यो शाखा उद्घाटन गरिएको सीईओ ढुंगानाले बताए । उनले सेवाग्राहीको मागलाई सम्बोधन गर्नको लागि नयाँ शाखा विस्तार गरिएको जनाए । विद्यार्थीहरूका लागि शैक्षिक गतिविधि र उनीहरूको गन्तव्य देशको यात्राको लागि बैंकिङ पहुँच दिने र दायरा विस्तार गर्ने अन्य परिष्कृत सेवाहरू प्रदान गर्ने विषयमा बैंक प्रतिबद्ध रहेको उनले उल्लेख गरे । नयाँ शाखाको विशेष प्राथमिकता शैक्षिक कर्जामा हुने बताउँदै शाखा प्रमुख विनय देवकोटाले सेवाग्राही विद्यार्थी, अभिभावक तथा परामर्शदाताहरूलाई सरल बैकिङ सेवा प्रदान गर्न सधैं तत्पर रहने बताए ।

उद्घाटन समारोहमा फेकनका अध्यक्ष वासुदेव नेपाल, इरिनका अध्यक्ष हेमन्त भट्टराई, एरी नेपालका अध्यक्ष महेशबाबु तिमिल्सिना, इक्यानका अध्यक्ष प्रकाश पाण्डे, नाएरका अध्यक्ष प्रेम पाण्डे र नेकाका अध्यक्ष सन्तोष प्याकुरेलका साथै युनिभर्शल ल्याग्वेजका संस्थापक उत्तम पन्तको विशेष उपस्थिति रहेको थियो । नबिल बैंकलाई विस्तारित शाखाका लागि बधाई दिँदै उनीहरूले विद्यार्थीहरूका लागि शैक्षिक गतिविधिका लागि चाहिने बैंकिङ



सेवा नबिलले सहज वातावरणमा सरल किसिमले प्रदान गर्ने आशा रहेको बताए ।

नियमित बैंकिङ सेवाहरूका साथै, शैक्षिक कर्जा चाहने सेवाग्राहीलाई एकद्वार सेवा प्रदान गर्ने लक्ष्य बैंकको छ । शिक्षा हबका रूपमा रहेको नबिल बैंकको यस शाखाले आइल्स, टोफेल, जिएरआई, एसएटी लगायतका परीक्षाको दर्ता शुल्क, भिसा प्रक्रिया शुल्कको, कलेज तथा विश्वविद्यालयहरूमा ट्युशन शुल्क र अन्य शुल्कहरूको लागि विदेशी मुद्रा विनिमय दिने लगायतका सुविधा दिने उल्लेख गरिएको छ । त्यस्तै विदेशी विद्यार्थीको स्वास्थ्य बिमाको भुक्तानी समेत गर्न सकिने बैंकले जनाएको छ ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो जसको कुल निक्षेप रु ३७८ अर्ब तथा कुल कर्जा रु ३४० अर्ब रहेको छ । जसको शाखा सञ्जाल २५६ रहेको छ भने देशभरि २८३ एटिएम मेशिनहरूबाट बीस लाख भन्दा बढी सेवाग्राहीहरूलाई सेवा प्रदान गर्दै आएको छ ।


## अत्यन्त जरुरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ–संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी वक्यौता रकम यहि २०८० साल असार मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
काठमाडौं–७, सिफल, नेपाल
फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ